# पुतलीबजार नगरपालिका स्याङ्जा

## पुतलीबजार नगरपालिकाको सहकारी नियमावली, २०७९

# स्थानीय राजपत्र

भाग : २ खण्ड : ६ अङ्क : ५

पारित मिति : २०७९/०८/२९
प्रकाशित मिति : २०७९/०९/०६

## पुतलीबजार नगरपालिका

## पुतलीबजार नगरपालिकाको सहकारी नियमावली, २०७९

**स्वीकृत मिति :- २०७९/०८/२९**

पुतलीबजार नगरपालिकाको सहकारी ऐन, २०७४ को दफा १०० ले दिएको अधिकार प्रयोग गरी पुतलीबजार नगरपालिकाले देहायका नियमहरु बनाएको छ ।

**प्रारम्भ**

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(१) यी नियमहरुको नाम "पुतलीबजार नगरपालिकाको सहकारी नियमावली, २०७९" रहेकोछ ।

(२) यो नियमावली स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यो नियमावलीमा,

(क) "ऐन" भन्नालेसंघीय सहकारी ऐन, २०७४ सम्झनुपर्छ ।

(ख) "स्थानीय सहकारी ऐन, भन्नाले" पुतलीबजार नगरपालिका सहकारी ऐन, २०७४, लाई सम्झनुपर्छ ।

(ग) "व्यवस्थापक" भन्नाले संस्था वा संघको व्यवस्थापक, महाप्रबन्धक, निर्देशक, कार्यकारी निर्देशक र प्रमुख कार्यकारी अधिकृत समेतलाई सम्झनुपर्छ ।

घ) "प्रदेश मन्त्रालय" भन्नाले सहकारी क्षेत्र हेर्ने गण्डकी प्रदेश सरकारको सम्बन्धित मन्त्रालय सम्झनु पर्दछ ।

(ङ) "शाखा" भन्नाले पुतलीबजार नगरकार्यपालिकाको सहकारी शाखा सम्झनु पर्दछ ।

(च) "संस्थागत पूँजी" भन्नाले संस्था वा संघको पछिल्लो आर्थिक वर्षको जगेडा कोष, घाटापूर्ति कोष एवं अविभाजित अन्य कोषको रकम समेतलाई सम्झनुपर्छ ।

(ङ) "कर्जा" भन्नाले चल अचल सम्पत्ति, धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई सहकारी संस्थाले सदस्यलाई दिएको कर्जाको साँवा, ब्याज, विलम्ब शुल्क र हर्जना समेतको रकमहरु सम्झनुपर्छ ।

(च) "कर्जा सूचना केन्द्र" भन्नाले संघीय सहकारी नियमावली २०७५ को नियम ३७ को उपनियम (१) बमोजिम स्थापित सहकारी कर्जा सूचना केन्द्र सम्झनुपर्छ ।

(छ) "परियोजना" भन्नाले नेपाल सरकार, प्रदेश सरकार, पुतलीबजार नगरपालिका र सरकारी तथा गैर सरकारी संघ वा संस्थाहरुसँग निश्चित समय तोकेर वा बहुबर्षिय रुपमा सञ्चालन गर्ने योजना, आयोजना र परियोजना लगायतका विभिन्न कार्यक्रमहरु समेतलाई सम्झनुपर्छ

(ज) "पेशागत संगठन" भन्नाले नेपाल सरकार, प्रदेश सरकार, पुतलीबजारनगरपालिकाको सरकारी कार्यालयहरु र त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा सञ्चालित विद्यालय, विश्वविद्यालय वा अन्य संगठित संस्था समेतलाई सम्झनु पर्छ ।

(झ) "सूचना अधिकारी" भन्नाले सहकारी संस्थाले कार्यालयको आधिकारिक सूचना सम्प्रेषण गर्न तोकेको कर्मचारी सम्झनु पर्दछ ।

(ञ) "सहकारी प्रवर्दन तथा समन्वय समिति" भन्नाले नियम ४७ बमोजिमको समिति सम्झनुपर्दछ ।

### परिच्छेद-२

### संस्था गठन, दर्ता तथा सञ्चालन

**३. संस्थाको गठन :**

(१) ऐनको दफा ३ को उपदफा (३) बमोजिम पेशागत संगठनका आधारमा संस्था गठन गर्दा देहायका शर्त बन्देजहरु पुरा भएको हुनु पर्नेछ :-

(क) प्रचलित कानून बमोजिम दर्ता भएको पेशागत संगठनका सदस्यहरु मात्र सदस्य हुनुपर्ने,

(ख) संस्थाको कार्यक्षेत्र पुतलीबजार नगरपालिका भित्र रहनुपर्ने,

(ग) नगरपालिकामा आफ्नो पेशागत संगठनको एकमात्र प्रारम्भिक संस्था गठन भएको हुनसक्नेछ ।



तुलसी राम रेग्मी
नगर प्रमुख

(२) संस्था दर्ता गर्दा सम्बन्धित पेशागत संगठनको सिफारिस संलग्न गर्नु पर्नेछ।

(३) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि पुतलीबजार नगरपालिका क्षेत्रमा बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्था गठन गर्दा कम्तिमा १ सय जना नेपाली नागरिकहरुको सहभागिता हुनुपर्नेछ।

(४) उपनियम (३) बमोजिम विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाको आधारमा गठन हुने संस्थामा त्यसमा कार्यरत प्राध्यापक, शिक्षक वा कर्मचारी सदस्य हुन सक्नेछन्।

(५) यस नियमबमोजिम दर्ता भएका संस्थाहरुले देहायका कार्यहरु मात्र गर्न सक्नेछन्:

(क) सदस्यहरुको विनियममा तोकिएको सीमासम्मको मासिक बचत संकलन गर्ने,

(ख) खण्ड (क) बमोजिम संकलित बचत रकम सदस्यहरुलाई ऋण तथा सापटीका रुपमा परिचालन गर्ने,

(ग) सदस्यहरुको बौद्धिक विकास, कला एवं साहित्यका क्षेत्रमा रचनात्मक कार्य गर्ने, सामाजिक उत्तरदायित्वको क्षेत्रमा काम गर्ने तथा सदस्यहरुमा स्वरोजगार तथा उद्यमशीलता विकास गर्ने।

(६) यस नियम बमोजिम संस्थाको गठन तथा अन्य व्यवस्था पुतलीबजारनगरपालिकाको स्वीकृतकार्यविधि बमोजिम हुनेछ।

**४. संस्था दर्ता दरखास्तको ढाँचा र पेश गर्नुपर्ने विवरण :**

(१) ऐनको दफा ५ को उपदफा १ बमोजिम दर्ता गर्ने अधिकारी समक्ष संस्था दर्ता गर्नका लागि अनुसूची १ को ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम संस्था दर्ता गर्नका लागि दरखास्त दिंदा ऐनको दफा ५ को उपदफा २ को खण्ड (ख) बमोजिमको प्रतिवेदन अनुसूची-२ को ढाँचामा र खण्ड (ग) बमोजिमको विवरण अनुसुची-३ को ढाँचामा दरखास्तसाथ संलग्न गरी पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम संस्था दर्ताका लागि दरखास्त दिंदा ऐनको दफा ५ को उपदफा २ मा उल्लिखित कागजातका अतिरिक्त देहायका विवरण समेत संलग्न गर्नुपर्नेछ: -

(क) प्रारम्भिक भेलाको निणर्यहरु,

(ख) अनुसूची-४ को ढाँचामा व्यावसायिक कार्ययोजना ढाँचा,

(ग) अनुसूची-५ को ढाँचामा सदस्यहरुबाट शेयर पूँजी तथा प्रवेश शुल्क बापत संकलित रकमको भरपाई,

(घ) अनुसूची-६ को ढाँचामा तदर्थ सञ्चालक समितिका सदस्यहरुको विवरण,

(ङ) अनुसूची-७ को ढाँचामा स्व-घोषणा पत्र,

(च) अनुसूची-८ को ढाँचामा अधिकार प्रत्यायोजन पत्र,

(छ) आवेदकहरुले स्थानीय सहकारी शाखाले तोकेबमोजिम कम्तिमा एक दिवसीय पूर्व-सहकारी शिक्षा प्राप्त गरेको प्रमाण पत्र,

(ज) आवेदकहरुको नेपाली नागरिकता प्रमाण-पत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,

(झ) पेशागत संगठनको आधारमा दर्ता हुने संस्थाको हकमा त्यस्तो पेशागत संगठनका आवद्धताको परिचयपत्रको प्रतिलिपि,

(ञ) संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरेको पुष्ट्याई हुने प्रमाण,

(ट) आवेदकहरु प्रत्येकले संस्थाको कार्ययोजना बमोजिम सेवा उपयोग गर्ने आधार,

(४) उपनियम (१) बमोजिम संस्था दर्ता गर्नका लागि दरखास्त दिंदा दरखास्तका साथ देहायका कागजात तथा विवरण संलग्न गर्नुपर्नेछ:

(क) संस्थाको कार्यक्षेत्र परेको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

(ख) कार्यक्षेत्रभित्र स्थायी रूपमा बसोबास गरेको व्यक्तिहरूको नेपाली नागरिकता/राष्ट्रिय परिचयपत्रको प्रमाणित प्रतिलिपि,

(ग) कार्यक्षेत्रभित्र बसोवास गरेको प्रस्तावित संस्थाको कार्यक्षेत्र बाहिरको नेपाली नागरिकता वा राष्ट्रिय परिचयपत्र भएको आवेदकहरूको हकमा नेपाली नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रमाणित प्रतिलिपिको साथमा कार्यक्षेत्रभित्र बसोवास गरेको व्यहोरा प्रमाणित हुने देहायमध्ये कुनै एक प्रमाणको प्रमाणित प्रतिलिपि,

(१) परिवार सहितको बसाइँसराइ गरी आएको भए सोको प्रमाणपत्र,

(२) बैवाहिक सम्बन्धका आधारमा बसाइँ सर्नु परेको भए विवाह दर्ताको प्रमाणपत्र र नाता प्रमाणित,



तुलसी राम रेग्मी
नगर प्रमुख

(३) घर वा जग्गा भएको प्रमाणित गर्न जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपि र घर नक्सा इजाजतको प्रतिलिपि वा सम्पन्न प्रमाणपत्रको प्रतिलिपि,

(४) कर्मचारीको हकमा नियुक्ति पत्र, हाल कार्यरत कार्यालय वा निकाय खुल्ने प्रमाण र कार्यक्षेत्रभित्र बसोबास गरेको पुस्ट्याँई हुने प्रमाण-नागरिकता वा घरजग्गा भएको प्रमाण वा विद्युत महशुल बुझाएको रसिद वा मतदाता परिचयपत्र वा व्यवसाय गरेको प्रमाण वा घरभाडा सम्झौता पत्र वा सम्बन्धित निकायले गरेको सिपmारिस वा काम गरेको कार्यालयको पत्र वा सम्बन्धित वडाको वडा अध्यक्षको बसोबास प्रमाणित गरेको निस्सा ।

(घ) शेयर पूँजी तथा प्रवेश शुल्कबापत सदस्यहरुबाट संकलित रकम बैंक वा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम ँक' वर्गको इजाजत प्राप्त बैंकमा खाता खोली रकम जम्मा गरेको बैंक भौचर,

(ङ) उपनियम (४) खण्ड (ख) बमोजिमको वित्तीय संस्था उपलब्ध नभएमा उपलब्धताका हिसाबले प्रचलित कानून बमोजिम ँख'वर्ग सम्मको ईजाजत प्राप्त बैंकमा रकम जम्मा गरेको बैंक भौचर ।

**५. बचत तथा ऋण सहकारी संस्था दर्ताको मापदण्ड :**

(१) पुतलीबजार नगरपालिका क्षेत्रभित्रका प्रत्येक दुई हजार जनसंख्यामा एउटा संंस्थामा नबढ्ने गरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था दर्ता गरिनेछ ।

(२) उपनियम (१) बमोजिम संस्थाको संख्या निर्धारण गर्दा पुतलीबजार नगरपालिकाभित्र कार्यक्षेत्र सीमित भएका छिमेक वा बसोबासको साझा बन्धनमा दर्ता गरिएका बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाहरुको मात्र आधार लिईनेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको मापदण्डभन्दा बढी भएका बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाहरु तीन बर्षभित्र नियम ३६ बमोजिम एकीकरण भईसक्नु पर्नेछ ।

**६. दर्ताको प्राथमिकता :**

संस्था दर्ताका लागि एकै प्रकृति र नामका एकभन्दा बढी संस्था दर्ताका लागि निवेदन परेमा रितपूर्वक दर्ता भएको पहिलो निवेदनलाई प्राथमिकता दिईनेछ ।

**७. दर्ताको प्रमाणपत्र :**

(१) ऐनको दफा ६ बमोजिम दर्ता भएका संस्थालाई दर्ता गर्ने अधिकार प्राप्त दर्ता अधिकारीले अनुसुची-९ को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पुतलीबजार नगरपालिकाभर मात्र कार्यक्षेत्र भएको सहकारी संस्थाहरु यस नगरपालिकाभित्र दर्ता गरिनेछ । यसका अतिरिक्त अन्य स्थानीय तहमा समेत कार्यक्षेत्र रहेका सहकारी संस्थाहरुले प्रादेशिक ऐन तथा संघीय ऐन बमोजिम प्रदेश तथा संघमा दर्ता गर्नु पर्नेछ ।

**८. सहकारी संस्थाको कार्यक्षेत्र :**

(१) ऐनको दफा ९ को उपदफा (१) को खण्ड (ख) बमोजिम बचत तथा ऋण बाहेकको विषयगत सहकारी कार्यक्षेत्र सदस्यको सीप, पेशा र प्रकृति समेतबाट फराकिलो क्षेत्र आवश्यक पर्ने देखिएमा बढीमा तीन वटा वडासम्म हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रस्तावित कार्यक्षेत्रको कुनै वडामा संस्थाको आवेदकहरुको बसोबास नभएको भए त्यस्तो वडा कार्यक्षेत्रमा समावेश गरिनेछैन ।

(३) ऐनको दफा ९ को उपदफा (२) बमोजिम कार्यक्षेत्र विस्तार गर्दा देहायका विशेष व्यावसायिक आवश्यकताको आधार लिनुपर्नेछ: -

(क) उत्पादन तथा सेवाको संकलन, सञ्चय, प्रशोधन सुविधाका दृष्टिले न्यूनतम आयतन (भोल्युम) कायम गर्न आवश्यक भएको,

(ख) निश्चित भौगोलिक क्षेत्रसम्म उत्पादन वा सेवा क्षेत्र कायम भएको,

(ग) सिंचाई सुविधा, प्राविधिक रेखदेख, रोगव्याधि नियन्त्रणका दृष्टिले उपयुक्त एकाई कायम गर्नुपर्ने भएको,

(घ) सेवाको माग, प्रति इकाई लागत, सञ्चालन खर्च, व्यवस्थापकीय रेखदेख, स्थिर सम्पत्तिको उपयोग समेतबाट कार्यक्षेत्र विस्तार आवश्यक भएको, तर संस्थाको मौजुदा कार्यक्षेत्रमा सदस्यता एवं व्यावसायिक सेवा विस्तारको मनासिब स्तर हासिल नभएसम्म त्यस्तो संस्थाको कार्यक्षेत्र विस्तार गर्नु हुँदैन ।



तुलसी राम रेग्मी
नगर प्रमुख

(४) ऐन तथा नियमावली बमोजिम संस्थाको कार्यक्षेत्र विस्तार गर्दा देहायको प्रक्रिया पूरा गर्नु पर्नेछः-

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाको सदस्यता एवं सेवा विस्तारको लेखाजोखा गरिएको,

(ख) थप गरिने कार्यक्षेत्रमा संस्थाको सेवा माग भएको,

(ग) ऐनको दफा २२ को उपदफा (१) बमोजिम विपरीत दोहोरो सदस्यता हुने अवस्था नरहेको सुनिश्चित गरिएको,

(घ) विनियम संशोधन प्रक्रिया पूरा भएको ।

(५) ऐन प्रारम्भ हुँदाको बखत सञ्चालनमा रहेका संस्थाहरुको कार्यक्षेत्र कायम गर्ने प्रायोजनको लागि त्यस्ता संस्थाहरुले पेश गर्ने कार्य सञ्चालन प्रतिवेदनमा ऐनको दफा ९ को उपदफा (५) मा उल्लिखित विवरणहरुको अतिरिक्त देहायका विवरण समेत संलग्न गर्नु पर्नेछ :

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाको शाखा कार्यालय, सेवा केन्द्र वा सम्पर्क केन्द्र अनुसारको सञ्चालन खर्च, कारोवार र नाफा नोक्सानको विवरण,

(ख) मौजुदा कार्यक्षेत्रको वडागत नाम, थर, ठेगाना, शेयर र बचतको विवरण,

(ग) मौजुदा कार्यक्षेत्रमा संस्थाले सञ्चालन गरेको उद्योग, लगानी र व्यावसायिक सेवा सुविधाहरुको वडागत विवरण,

(६) ऐनको दफा ९ को उपदफा (६) को खण्ड (क) बमोजिम सहकारी संस्थाको मौजुदा कार्यक्षेत्रभित्रको वडा झिकि कार्यक्षेत्र घटाउने निर्देशन दिंदा झिकिने कार्य क्षेत्रभरिको गरी जम्मा सदस्य संख्याको पन्ध्र प्रतिशतभन्दा कम सदस्य संख्या भएको हुनु पर्नेछ ।

(७) ऐनको दफा ९ को उपदफा (६) को खण्ड (ख) बमोजिम सहकारी संस्थाको मौजुदा कार्यक्षेत्रभित्रको झिकि कार्यक्षेत्र घटाउने निर्देशन दिंदा झिकिने कार्यक्षेत्रभरिको जम्मा कारोवारको पन्ध्र प्रतिशत भन्दा कम व्यावसायिक सेवा सञ्चालन भएको देखिएको हुनु पर्नेछ ।

स्पष्टिकरण : यस उपनियमको प्रयोजनका लागि "कारोबार" भन्नाले संस्थाले सञ्चालन गरेको व्यावसायिक क्रियाकलापहरुमा पछिल्लो आर्थिक बर्षको सदस्यतर्फको ख़रिद वा विक्री कारोवारको जोड सम्झनु पर्छ ।

**९. संस्थाको वर्गीकरण :**

(१) विषयगत आधारमा संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछ:

(क) उत्पादक संस्था: कृषि, दुग्ध, चिया, कफी, उखु, जुनार, सुपारी, जडिबुटी, बीउबिजन, मौरीपालन, फलफूल, तरकारी र माछापालन विशेषका विषयगत र अगुवाबाली एवम् उत्पादनको योजना समेतका आधारमा अन्य उत्पादनमूलक संस्था ।

(ख) उपभोक्ता संस्था: उपभोक्ता, भण्डार, विद्युत, सञ्चार र स्वास्थ्य विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम् सेवाको योजना समेतका आधारमा अन्य उपभोग्य संस्था ।

(ग) वित्तीय संस्थाः बचत तथा ऋणको मात्र कारोबार गर्ने संस्था ।

(घ) श्रमिक संस्था: हस्तकला, खाद्य परिकार, गैरखाद्य औद्योगिक उत्पादन, भोजनालय र श्रम करार विशेषका विषयगत र सीप वा श्रमको विशेषता एवम् स्वरोजगारीको योजना लगायत अन्य श्रममा आधारित संस्था ।

(ङ) बहुउदेश्यीय संस्थाः उत्पादन, उपभोग, वित्तीयर श्रम वा सीपमा आधारित स्वरोजगारीका सेवासमेत सञ्चालन गर्ने बहुउदेश्यीय संस्था ।

(२) उपनियम (१) को खण्ड (क), (ख) र (ग) मा उल्लिखित विषयमा विशिष्टीकरण, आम प्रचलन र अभ्यासको विकासक्रम समेतको आधारमा पुतलीबजारनगरपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी थप विषय तोक्न सक्नेछ ।

**१०. विषय परिवर्तन सम्बन्धी व्यवस्था :**

(१) कुनै सहकारी संस्थाका सदस्यहरुले आफ्नो व्यावसायिक आवश्यकताको आधारमा दर्ता हुँदाको बखतको विषय परिवर्तन गर्न चाहेमा साधारण सभामा कायम रहेको कूल सदस्य संख्याको बहुमतबाट निणर्य गराई सोही बमोजिम संस्थाको विनियममा समेत संशोधन गरी सो को स्वीकृतिका लागि अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विषय परिवर्तनका लागि विनियम संशोधन गर्दा प्रचलित ऐन तथा यस नियमावलीको अधिनमा रहि तोकिएबमोजिमका शर्तहरु र कार्यविधि पूरा भएको हुनु पर्नेछ ।

तुलसी राम रेग्मी
नगर प्रमुख

(३) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी संशोधन गरिएको विनियम स्वीकृत गर्नु पर्नेछ ।

**११. कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालनका आधार :**

(१) ऐनको दफा १२ को उपदफा (५) बमोजिम एकै वा फरक प्रकृतिका दुई वा दुईभन्दा बढी संस्थाले अन्तर सहकारी सहयोगको भावनाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणका लागि देहाय बमोजिमको आधारमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन्: -

(क) सम्बन्धित संस्थाका सदस्यहरुको आवश्यकतामा आधारित उत्पादनको मूल्य शृङ्खला, विकास, बजार पहुँच वा निर्यात प्रबन्धको प्रयोजन हुनुपर्ने,

(ख) प्रस्तावित कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको स्वामित्व, स्रोत परिचालन, सञ्चालन विधि, सदस्यहरुको लोकतान्त्रिक नियन्त्रण प्रणाली, प्रतिफल वितरण लगायत व्यावसायिक प्रस्तावनाको विस्तृत रुपरेखा तयार गरिएको हुनुपर्ने,

(ग) खण्ड (ख) बमोजिमको प्रस्तावना, सम्बद्ध संस्थाहरु प्रत्येकको साधारण सभाको कायम रहेको कूल सदस्य संख्याको बहुमतबाट पारित भएको हुनुपर्ने,

(घ) खण्ड (ग) बमोजिम पारित प्रस्तावना संयुक्त रुपमा वा साझेदारीमा कार्यान्वयन गर्ने सम्बन्धमा सम्बद्ध संस्थाहरुबीच कम्तिमा पाँच बर्षको करार बन्दोबस्त भएको हुनुपर्ने,

(ङ) प्रस्तावित संयुक्त वा साझेदारी कारोवार, व्यवसाय, उद्योग वा परियोजना सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिनुपर्ने,

(च) प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय दर्ता गर्नुपर्ने भए दर्ता गरिएको हुनुपर्ने,

(छ) प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमतिपत्र, स्वीकृती वा इजाजतपत्र लिनुपर्ने भए लिएको हुनुपर्ने ।

(२) उपनियम (१) बमोजिमको कार्य सम्पन्न गरी सम्बन्धित संस्थाले तत्सम्बन्धी सम्पूणर् कागजात संलग्न राखी दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन उपर दर्ता गर्ने अधिकार प्राप्त अधिकारीले पन्ध्र दिनभित्र आवश्यक जाँचबुझ गरी संयुक्त वा साझेदारीमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने जानकारी दिनेछ ।

(४) उपनियम (३) बमोजिम अनुमति दिएको जानकारीको दर्ता गर्ने अधिकार प्राप्त अधिकारीले छुट्टै अभिलेख राख्नु पर्नेछ ।

(५) यस नियम बमोजिम अनुमति पाएको संयुक्त वा साझेदारीमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने संस्थाले तोकिएको ढाँचामा नियमित रुपमा प्रगति विवरण र बार्षिक लेखापरिक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**१२. सहकारी संस्थाको विनियम :**

(१) सहकारी संस्थाको विनियम बनाउँदा अनुसूची-१० मा उल्लिखित विषयहरु समावेश गर्नु पर्नेछ ।

(२) बचत तथा ऋणको विषयगत संस्था बाहेक उत्पादक संस्था, सेवामूलक संस्था, बहुउद्देश्यीय संस्था र श्रमिक संस्थाले आफ्नो विनियममा बचत तथा ऋणको कारोबारलाई मुख्य उद्देश्यमा समावेश गर्न हुँदैन ।

(३) सहकारी संस्थाको प्रकृतिका आधारमा दर्ता गर्ने अधिकारीले थप विषयहरु विनियममा समावेश गरी तोक्न सक्नेछ ।

(४) संस्थाको विनियम संशोधन गर्दा साधारण सभामा कायम रहेको कुल सदस्य संख्याको बहुमतबाट निणर्य गराई सोही बमोजिम संस्थाको विनियम संशोधनका लागि दर्ता अधिकारीसमक्ष निवेदन दिनुपर्ने छ ।

(५) दर्ता गर्ने अधिकारी समक्ष विनियम स्वीकृतिको लागि वा संशोधनको लागि ३ महले फारम पेश गर्दा हरेक पृष्ठको पुछारमा सञ्चालक समितिका सबै सदस्यहरुले दस्तखत गरी पेश गर्नुपर्नेछ ।

(६) उपनियम (४) बमोजिम संशोधनका लागि आएको विनियम दर्ता अधिकारीले नियमअनुसार स्वीकृत गर्नुपर्नेछ । कुनै कारणवश अस्वीकृत भएमा कारणसहित सो को जानकारी सम्बन्धित संस्थालाई लिखित रुपमा गराउनुपर्नेछ ।

तुलसी राम रेग्मी
नगर प्रमुख

## परिच्छेद - ३
## सदस्यता

**१३. संस्थाको सदस्यता :**

ऐनको दफा २० को उपदफा (१) बमोजिम संस्थाको सदस्यता लिंदा देहायको प्रक्रिया पुरा गर्नु पर्नेछ :-

(क) विषयगत सहकारी संस्थाको हकमा नियम ९ को उपनियम (१) मा उल्लिखित विषयगत संस्थामा दोहोरो नपर्ने,

(ख) सम्बन्धित संस्थाको विनियममा उल्लिखित आधार र प्रक्रिया पूरा भएको।

**१४. सदस्यताको समाप्ति :**

(१) ऐनको दफा २३ को उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिम कुनै सदस्यको सदस्यता समाप्त गर्दा देहायको व्यवस्था पूरा भएको हुनु पर्नेछ: -

(क) सम्बन्धित सदस्यता समाप्तिको आधारसहितको जानकारी संस्थामा प्राप्त भएको वा संस्थाको अभिलेखबाट देखिएको हुनुपर्ने,

(ख) सम्बन्धित सदस्यको सदस्यता समाप्तिका सम्बन्धमा सञ्चालक समितिले उपसमिति गठन गरी छानबिनको प्रतिवेदन लिएको हुनुपर्ने,

(ग) सदस्यता समाप्ति गरिने सम्बन्धित सदस्यलाई खण्ड (ख) बमोजिमको उपसमितिले आफ्नो सफाई पेश गर्न मनासिब माफिकको मौका दिएको हुनुपर्ने,

(घ) सम्बन्धित सदस्यको सदस्यता समाप्त गर्ने सम्बन्धमा सञ्चालक समितिको निणर्य भएको हुनुपर्ने।

(२) उपनियम (१) को खण्ड (घ) बमोजिम सञ्चालक समितिले निणर्यमा चित्त नबुझ्ने सदस्यले दर्ता गर्ने अधिकारप्राप्त अधिकारीसमक्ष उजुरी गर्न सक्नेछ र तत्सम्बन्धमा दर्ता गर्ने अधिकार प्राप्त अधिकारीले गरेको निणर्य अन्तिम हुनेछ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा २२ को उपदफा (१) बमोजिम दोहोरो सदस्यता भए, नभएको सम्बन्धमा संस्थाले आफ्नो सदस्यहरुलाई यो नियमावली प्रारम्भ भएको मितिले तीन महिनाभित्र स्व-घोषणा गर्न सूचना दिनुपर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त सूचनाको आधारमा ऐनको दफा २२ को उपदफा (१) विपरीत दोहोरो सदस्यता भएको सदस्यको हकमा निजले चाहेको संस्थाले सदस्यता कायम राखी अन्य संस्थाले ऐनमा निर्धारित म्यादभित्र त्यस्तो सदस्यको सदस्यता अन्त्य गर्नु पर्नेछ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अधिकार प्राप्त अधिकारीले निरीक्षण वा अनुगमनको सिलसिलामा वा अन्य कुनै माध्यमबाट ऐनको दफा २२ को उपदफा (१) विपरित कुनै सदस्यको दोहोरो सदस्यता रहेको देखिएमा सदस्यले चाहेको कुनै एक मात्र संस्थाको सदस्यता कायम गरी अन्य संस्थाको सदस्यता खारेज गर्न निर्देशन दिन सक्नेछ र सोही निर्देशन बमोजिम सम्बन्धित संस्थाले त्यस्तो सदस्यको सदस्यता समाप्त गर्नु पर्नेछ।

## परिच्छेद-४
## साधारण सभा

**१५. साधारण सभा सम्बन्धी विशेष व्यवस्था :**

(१) ऐनको दफा २९ को उपदफा (६) मा उल्लिखित सदस्य संख्या भएको संस्थाको साधारण सभा एकै स्थानमा गर्न असुविधा हुने देखिए समितिले साधारण सभाका लागि तयं भएका समान कार्यसूची उपर छलफल गर्न साधारण सभा बोलाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम बोलाईएको साधारण सभामा सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिका सदस्यको उपस्थितिमा उपनियम (५) बमोजिमको एकाईमा रहेका बहुमत सदस्यको उपस्थितिमा त्यस्तो साधारण सभाको लागि तय भएका समान कार्यसूचीउपर छलफल गरी कम्तीमा बहुमत सदस्यको निणर्य बमोजिम साधारण सभाको अन्तिम निणर्य प्रमाणित गर्न विनियममा उल्लेख भए बमोजिमको संख्यामा प्रतिनिधि छनौट गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम छनौट भएका प्रतिनिधिहरुले साधारण सभाको अन्तिम निणर्य प्रमाणित गर्न सक्नेछन्।

तुलसी राम रेग्मी
नगर प्रमुख

(४) उपनियम (३) बमोजिम साधारण सभाको अन्तिम निणर्य प्रमाणित गर्ने सम्बन्धमा छनौट भएका प्रतिनिधिहरुबीच मतैक्यता हुन नसकेमा उपस्थित प्रतिनिधिहरुको बहुमतबाट भएको निणर्य बमोजिम हुनेछ ।

(५) उपनियम (१) बमोजिम हुने साधारण सभाको बैठक देहाय बमोजिम गराउनु पर्नेछ: -

(क) सस्थाको कार्यक्षेत्रलाई विभिन्न एकाईहरुमा सदस्य संख्याको आधारमा विभाजन गर्ने,

(ख) सम्बन्धित एकाईमा रहेका सदस्य संख्याको आधारमा प्रतिनिधि संख्या यकिन गर्ने,

(ग) यकिन भएको संख्याको आधारमा प्रतिनिधि चयन गर्ने,

(घ) साधारण सभाको समान कार्य सूचीमा एकाईमा रहेका सदस्यहरु बीच छलफल गर्ने र एकाईमा रहेका सदस्यहरुको धारणाको प्रतिनिधित्व चयन भएका प्रतिनिधिले गर्ने ।

(६) उपनियम (१) बमोजिम हुने साधारण सभाको बैठकमा सहभागिता सम्बन्धी अन्य व्यवस्था नियममा भएको व्यवस्था बमोजिम हुनेछ ।

**१६. समितिको बैठक :**

(१) समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाउनेछ ।

(२) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । तर दुई बैठकबीचको अवधि पैंतालिस दिनभन्दा बढी हुनु हुँदैन ।

(३) बैठकको अध्यक्षता समितिको अध्यक्षले, निज उपस्थित नभएमा उपाध्यक्षले र निजसमेत उपस्थित नभएमा सञ्चालकहरुमध्येबाट चुनिएको सदस्यले गर्नेछ ।

(४) उपनियम (२) को अवधिभित्र बैठक नबोलाइएमा बहुमत सदस्यले हस्ताक्षर गरी बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गर्न सक्नेछन् र त्यस्तो अनुरोध प्राप्त भएमा अध्यक्षले सात दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम बैठक नबोलाइएको अवस्थामा बहुमत सञ्चालक सदस्यहरु उपस्थित भई सञ्चालक समितिको बैठक सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन् ।

(६) उपनियम (५) बमोजिम बोलाइएको बैठकको अध्यक्षता उपस्थित सञ्चालकहरुमध्येबाट चुनिएको सञ्चालकले गर्नेछ ।

(७) समितिको बैठकको निणर्य अध्यक्षता गर्ने व्यक्तिका साथै बहुमत सञ्चालकबाट प्रमाणित गर्नुपर्नेछ।

(८) समितिको बैठकको गणपूरक संख्या समितिको तत्काल कायम रहेको कूल सदस्य संख्याको बहुमत सद्स्य संख्या हुनेछ ।

**१७. समितिको काम, कर्तव्य र अधिकार :**

ऐनको दफा ३२ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्तसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) संस्थाको समग्र कार्यसञ्चालनमा सदस्यहरुको रचनात्मक सहभागिता सुनिश्चित गर्ने,

(ख) सदस्यहरुलाई नियमित रुपमा सहकारी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने,

(ग) ऐन तथा यस नियमावली बमोजिम हुने निरिक्षण, अनुगमन कार्यमा सहयोग पुर्‍याउनुका साथै प्राप्त निर्देशनहरुको कार्यन्वनको व्यवस्था मिलाउने,

(घ) लेखा सुपरिवेक्षण समितिबाट प्राप्त सुझावहरु कार्यान्वन गर्ने, गराउने,

(ङ) संस्थाको कार्यसञ्चालनमा पारदर्शिता कायम राखी सम्पत्ति शुद्धीकरण (मनि लन्डरिङ) निवारण सम्बन्धी प्रचलित कानून बमोजिमका व्यवस्थाहरुको कार्यान्वन गर्ने, गराउने,

(च) आवश्यकता अनुसार उपसमितिहरु गठन, विघटन तथा जिम्मेवारी तोक्ने,

(छ) सदस्य तथा पदाधिकारीहरुका लागि आचारसंहिता बनाई लागू गर्ने,

(ज) विनियममा उल्लिखित अन्य कामहरु गर्ने ।

**१८. तदर्थ समितिको गठन :**

(१) ऐनको दफा ३६ को उपदफा (३) बमोजिम समिति विघटन भएमा संस्थाको दैनिक कार्यसञ्चालन गर्न र अर्को समितिको निर्वाचन गराउन अधिकार प्राप्त अधिकारीले सदस्यहरुमध्येबाट सात जनाको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम तदर्थ समिति गठन गर्दा देहाय बमोजिमको आधार लिनु पर्नेछ :-

(क) सदस्यहरुको नाममा संस्थाले तिर्नुपर्ने भाखा नाघेको ऋण वा बाँकी बक्यौता रहेको हुन नहुने,

(ख) एकै परिवारका एकभन्दा बढी सदस्य समितिमा रहेको हुन नहुने,

(ग) साविकमा कायम रहेको समितिको सदस्य वा त्यस्तो परिवारको सदस्य हुन नहुने,

(घ) उपलब्ध भएसम्म जम्मा सदस्यको कम्तीमा ३३ (तेत्तीस) प्रतिशत महिला हुनुपर्ने ।

**१९. लेखा सुपरिवेक्षण समितिका पदाधिकारीको योग्यता :**

ऐनको दफा ३७ को उपदफा (१) बमोजिमकोलेखा सुपरिवेक्षण समितिको संयोजक तथा सदस्य हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) सम्बन्धित सहकारी संस्थाको सदस्यता लिएको कम्तीमा तीन वर्ष पूरा भएको, तर प्रारम्भिक साधारण सभाबाट निर्वाचित हुने लेखा समितिको संयोजक तथा सदस्यहरुको हकमा यो खण्ड लागु हुनेछैन ।

(ख) संस्थालाई तिर्नु, बुझाउनु पर्ने बेरुजु वा भाखा नाघेको कर्जा वा बक्यौता रकम नरहेको,

(ग) संस्थाले आफैं वा अन्य निकायको तर्फmबाट आयोजना गरिने लेखापालन वा लेखापरीक्षणसँग सम्बन्धित तालिम लिएको ।

## परिच्छेद-५

## बचत तथा ऋणको परिचालन

**२०. सन्दर्भ व्याजदरको आधार र प्रक्रिया :**

(१) ऐनको दफा ४० बमोजिमको समितिले सन्दर्भ व्याजदर निर्धारण गर्दा देहायका आधार लिनु पर्नेछ: -

(क) बचत तथा ऋणको कारोबार गर्ने केन्द्रीय विषयगत संघमा आबद्ध संस्था र संघको औषत व्याजदर,

(ख) सहकारी बंैकहरुको औषत व्याजदर,

(ग) बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम "क" वर्गको इजाजतप्राप्त बैंकहरुको औषत व्याजदर,

(घ) व्याजदर सम्बन्धमा नेपाल सरकारका मन्त्रालय, निकाय, नेपाल राष्ट्र बैंकले गरेको अध्ययन प्रतिवेदनहरु,

(ङ) राष्ट्रिय सहकारी महासंघ, विषयगत केन्द्रीय संघहरुबाट प्राप्त सुझाव,

(च) सन्दर्भ व्याजदर निर्धारण समितिले उपयुक्त देखेको अन्य आधारहरु ।

(२) उपनियम (१) बमोजिम सन्दर्भ व्याजदर निर्धारण गर्दा सामान्यतया देहायका सिद्धान्तहरुको अवलम्बन गर्नु पर्नेछ: -

(क) बचतमा भारित औषत ब्याजदर भन्दा सामान्यतया बढी,

(ख) ऋणमा भारित औषत ब्याजदरभन्दा सामान्यतया घटी,

(ग) बचत र ऋणको ब्याजदरको अन्तर छ प्रतिशतभन्दा घटी ।

(३) यस नियम बमोजिम सन्दर्भ व्याजदर निर्धारण गर्दा बचत तथा ऋणको किसिम एवं प्रयोजन हेरी शहरी तथा ग्रामीण क्षेत्रका लागि छुट्टाछुट्टै दर कायम गर्न सकिनेछ ।

(४) यस नियम बमोजिम निर्धारण गरिएको सन्दर्भ व्याजदर आवश्यकता अनुसार पुनरावलोकन गर्नु पर्नेछ ।

(५) ऐनको दफा ४० बमोजिमको समितिको निणर्य बैठकमा उपस्थित सदस्यहरुको बहुमतबाट हुनेछ ।

(६) ऐनको दफा ४० बमोजिमको समितिले बार्षिक रुपमा सन्दर्भ व्याजदरको सम्बन्धमा व्याजदर परिपालनाको अवस्थाको मूल्याङकन गरी सन्दर्भ ब्याजदरको सम्बन्धमा सम्बन्धित निकायमा सुझाब सहित प्रतिवेदन दिनु पर्नेछ ।

(७) यस नियम बमोजिम सन्दर्भ व्याजदर निर्धारण गरिएको जानकारी सम्बन्धित निकायका साथै कुनै एक राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशन गर्नुपर्नेछ ।

**२१. सदस्यको रकम फिर्ता :-**



तुलसी राम रेग्मी
नगर प्रमुख

(१) सदस्यले सदस्यता त्याग गरेको अवस्थामा ऐनको दफा ४३ को उपदफा (१) बमोजिम निजले पाउनु पर्ने देहायको रकम सदस्यता त्याग गरेको आर्थिक बर्षको लेखापरीक्षण प्रतिवेदन पारित भएको तीस दिनभित्र सम्बन्धित संस्थाले निजलाई फिर्ता दिनु पर्नेछः-

(क) निजको शेयरको अंकित मूल्य बराबरको रकम,

(ख) निजले भुक्तानी लिन बाँकी शेयर लाभांश बापतको रकम,

(ग) निजले भुक्तानी लिन बाँकी संरक्षित पूँजी फिर्ता बापतको रकम,

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था घाटामा गएको अवस्थामा सञ्चित घाटाको रकम शेयर पूँजीबाट समानुपातिक रुपमा घटाई बाँकी रहेको हिसाबमा मात्र सदस्यलाई दिनुपर्ने रकम कायम गरी फिर्ता दिनु पर्नेछ।

(३) ऐनको दफा ४० को उपदफा (२) बमोजिम संस्थामा जम्मा गरेको बचत रकम सदस्यले मागेको बखत ब्याजसहित तुरुन्त फिर्ता दिनु पर्नेछ। तर आवधिक बचत रकम निर्धारित अवधि भुक्तान भएपश्चात फिर्ता गर्नु पर्नेछ।

## परिच्छेद-६
## कोष सम्बन्धी व्यवस्था

**२२. संरक्षित पूँजी फिर्ता कोषबाट रकम वितरण गर्ने आधार :**

(१) ऐनको दफा ४८ को उपदफा (३) बमोजिम संरक्षित पूँजी फिर्ता कोषबाट सदस्यहरुलाई रकम वितरण गर्दा देहाय बमोजिमको बार्षिक कारोवारको आधार लिनु पर्नेछ: -

(क) उत्पादक संस्थामा सदस्यले संस्थालाई बिक्री गरेको उपजको खरिद मूल्य,

(ख) वित्तीय संस्थामा सदस्यले जम्मा गरेको बचत र लिएको ऋण रकममा तिरेको ब्याज,

(ग) उपभोक्ता सम्बन्धी संस्थामा सदस्यले संस्थासँग खरिद गरेको वस्तु वा सेवाको मूल्य,

(घ) श्रमिक सम्बन्धी संस्थामा सदस्यले संस्थाबाट प्राप्त गरेको ज्याला,

(ङ) बहुउदेश्यीय संस्थामा खण्ड (क), (ख), (ग) र (घ) मा उल्लिखित आधार।

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि उत्पादक संस्थाले सदस्यलाई आवश्यक सामाग्री विक्री गरेकोमा त्यस्तो कारोवारलाई समेत गणना गर्न सकिनेछ।

(३) उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि ऋणको भाखा ननाघेको सदस्यलाई त्यस्तो ऋणमा तिरेको ब्याजको आधारमा संरक्षित पूँजी फिर्ता दिइनेछैन।

(४) उपनियम (१) को खण्ड (ख) बमोजिम कोषको रकम वितरण गर्न बचत रकमका लागि चालीस प्रतिशत र ऋणमा तिरेको व्याज रकमको लागि साठी प्रतिशत भार दिई गणना गरिनेछ।

(५) गत आर्थिक बर्षको कारोबारको संरक्षित पूँजी फिर्ता कोषको रकम चालु आर्थिक बर्षभित्र वितरण गरिसक्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम कुनै आर्थिक बर्षमा वितरण गरि बाँकी रहेको रकम सोही आर्थिक बर्षको अन्त्यमा जगेडा कोषमा सार्नु पर्नेछ।

(७) संरक्षित पूँजी फिर्ता सम्बन्धी अन्य व्यवस्था विभागले निर्धारण गरे बमोजिम हुनेछ।

**२३. सहकारी प्रवद्र्धन कोष :**

(१) ऐनको दफा ४९ को उपदफा २ बमोजिम सहकारी प्रवद्र्धन कोषमानगरपालिकाले बार्षिक बजेटमा समावेश गरी आवश्यक रकम उपलब्ध गराउन सक्नेछ।

(२) सहकारी प्रवद्र्धन कोष सञ्चालनका लागि पुतलीबजारनगरपालिकाले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ।

**२४. अन्य कोषसम्बन्धी व्यवस्था :-**

(१) सहकारी संस्थाको कुनै वर्षको खुद बचतको रकमबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ४७ बमोजिम जगेडा कोषमा जम्मा गरी बाँकी रकमलाई शत प्रतिशत मानी सोबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ४८ बमोजिम संरक्षित पूँजी फिर्ता कोष र शुन्य

तुलसी राम रेग्मी
नगर प्रमुख

दशमलव पाँच प्रतिशतले हुन आउने रकम ऐनको दफा ४९ बमोजिम सहकारी प्रवद्र्धन कोषमा छुट्याएर बाँकी रहेको रकमलाई शतप्रतिशत मानी देहाय बमोजिमका कोषहरुमा कम्तीमा पाँच प्रतिशतका दरले छुट्याई वितरण गर्नु पर्नेछः -

(क) सहकारी शिक्षा कोष,

(ख) शेयर लाभांश कोष,

(ग) कर्मचारी बोनस कोष,

(घ) सहकारी विकास कोष,

(ङ) घाटापूर्ति कोष,

(च) सामुदायिक विकास कोष,

(छ) ऐनको दफा ७६ को उपदफा (१) बमोजिम साधारण सभाले स्वीकृत गरेको स्थिरीकरण कोष,

(ज) अन्य जोखिम व्यवस्थापन कोष ।

(२) उपनियम (१) को खण्ड (ग) बमोजिमको कर्मचारी बोनस कोषबाट रकम वितरण गर्दा बोनस ऐनमा उल्लेख भए बमोजिम रकम वितरण गर्नु पर्नेछ ।

**२५. अभिलेख :**

(१) ऐनको दफा ५१ को उपदफा (२) बमोजिम सहकारी संस्थाले आफ्नो कार्यसञ्चालनको अभिलेखका साथै आफूले गरेको कारोबारको लेखा विभागले तोकेको ढाँचामा समेत राख्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम अभिलेखिकरण तथा लेखापालन गर्दा अन्य कुराहरुका अतिरिक्त देहायका किताब, खाताबही तथा विवरणसमेत राख्नु पर्नेछ: -

(क) अनुसूची-३ बमोजिमको सदस्यता दर्ता किताब,

(ख) प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा र समिति, लेखा सुपरिवेक्षण समिति, उपसमितिहरुका बैठकहरुको छुट्टाछुट्टै कारवाही किताब,

(ग) नगद बही,

(घ) सहकारी संस्थाले अन्य कुनै व्यक्ति वा संस्था वा संघ वा निकायसँग कुनै कारोबार गरेको भए त्यस्तो कारोबार देखाउने दर्ता किताब,

(ङ) शेयर दर्ता किताब,

(च) मालसामानको मौज्दात (स्टक) दर्ता किताब,

(छ) ऋण लेनदेन दर्ता किताब,

(ज) बेरुजु एवं सम्परीक्षण खाता,

(झ) आम्दानी, खर्च, सम्पत्ति र दायित्वसम्बन्धी अलग-अलग खाता तथा सहायक खाताहरु,

(ञ) हिसाब परिक्षण सूची, आय-व्यय र स्थिति विवरण पत्र,

(ट) समय-समयमा विभागले तोकिदिएको अन्य अभिलेख एवं खाताहरु ।

(३) पाँच करोड रुपैयाभन्दा बढी जायजेथा भएका सहकारी संस्थाले उपनियम (१) बमोजिम राख्नुपर्ने अभिलेख तथा लेखा विभागले तोकेबमोजिमको निर्धारक पूरा भएको विद्युतीय कार्यक्रमणिका (एप्लिकेशन सफ्टवेयर) मा समेत व्यवस्थित गर्नु पर्नेछ ।

(४) सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोबारको विवरण विभागले तोकेको व्यवस्थापन सूचना प्रणालीमा समेत प्रविष्ट गर्नु पर्नेछ । तर लेखिएंको कुनै कुराले सदस्यको व्यक्तिगत बचतलगायतका प्रचलित कानून बमोजिम गोप्य रहने सूचना अलग्गै संरक्षण गर्न बाधा पुऱ्याएको मानिनेछैन ।

(५) सहकारी संस्थाले आधारभुत अभिलेख तथा कारोबारको हिसाबकिताब पृष्ठसुरक्षा (ब्याकअप) व्यवस्था सहित संरक्षण गर्नु पर्नेछ ।

तुलसी राम रेग्मी
नगर प्रमुख

**परिच्छेद-७**

## छुट, सुविधा र सहुलियत

**२६. छुट, सुविधा र सहुलियत :-**

(१) ऐनको दफा ५७ को उपदफा (१) बमोजिम सहकारी संस्थाले जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर छुट, सुविधा वा सहुलियत प्राप्त गर्न सम्बन्धित संस्थाले देहायको विवरण सहित दर्ता अधिकारी समक्ष निवेदन दिनु पर्नेछ: -

(क) यसरी निवेदन दिनु अघि रजिष्ट्रेशन दस्तुर छुट सुविधा लिई अचल सम्पत्ति खरिद गरेको भए जग्गाधनी प्रमाणपुर्जा र सम्बन्धित कागजको प्रतिलिपि,

(ख) साधारण सभाको बैठकबाट घरजग्गाधनीको नाम नमेसी, घर जग्गा रहेको ठेगाना, कित्ता नम्बर, क्षेत्रफल र मूल्य समेत खुलाई खरिद सम्बन्धमा भएको निणर्यको प्रमाणित प्रतिलिपि,

(ग) अचल सम्पत्ति खरिदमा बचत रकम उपयोग नहुने र जगेडा कोष तथा शेयर पूँजीबाट खरिद गर्न पुग्ने लेखापरीक्षकबाट प्रमाणित वित्तीय विवरण,

(घ) अघिल्लो आर्थिक बर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको भन्दा थप शेयर पूँजी र जगेडा कोषको रकमबाट खरिद गर्न खोज़िएको भए पछिल्लो शेयर पूँजी, जगेडा कोष र बचत रकमको दर्तावाला लेखापरीक्षकले प्रमाणित गरेको वित्तीय विवरण,

(ङ) सहकारी संस्थाको अनुगमन तथा निरीक्षण गर्दा कैफियत देखिई सुधारका लागि निर्देशन दिएको भए निर्देशन पालना भएको अवस्था खुल्ने कागज र सुधारको कार्ययोजना ।

(च) यस प्रयोजनका लागि सहकारी संस्थाका सञ्चालक समितिका पदाधिकारी एवम् सदस्यतथा निजका एकाघरको परिवारका सदस्यहरुको नाममा रहेको घरजग्गा भने खरिद गर्न पाइनेछैन ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँच गरी दर्ता अधिकारीले छुट सुविधाको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

## परिच्छेद-८

## ऋण असुली तथा बाँकी बक्यौता

**२७. ऋण असुली तथा बाँकी बक्यौता असुली :-**

(१) ऐनको दफा ५८ बमोजिम सहकारी संस्थाको ऋण र दफा ६१ बमोजिम सहकारी संस्थाको बाँकी बक्यौता असुलउपर गर्नुपर्ने व्यक्तिको जायजेथा लिलाम विक्री गरी असुलउपर गर्दा सम्बन्धित सहकारी संस्थाले देहायको कार्यविधि अपनाउनु पर्नेछ: -

(क) बाँकी बक्यौता तिर्नु, बुझाउनुपर्ने ठहर भएको व्यक्तिको नाममा बाटोको म्यादबाहेक पैंतीस दिनभित्र तिर्नु, बुझाउनुपर्ने रकम तिर्न, बुझाउन वा रकम तिरी, बुझाइसकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी म्याद जारी गरी पठाउने, (ख) खण्ड (क) बमोजिम म्याद जारी गरिएकोमा म्यादभित्र तिर्नु बुझाउनुपर्ने रकम तिर्न, बुझाउन नआएमा वा तिरी, बुझाई सकेको प्रमाण पेश नगरेमा निजको नाममा लिलाम विक्रि गर्न सूचना प्रकाशन गर्ने, (ग) धितो राखेको घर, जग्गा, जमिन मालपोत कार्यालयबाट रोक्का नगराईएको भएमा रोक्का गर्न लगाई त्यसको प्रमाण राख्ने,

(ख) धितो राखेको चलअचल सम्पत्तीको लिलाम विक्री गर्दा धितोको विवरण, निजले बुझाउनुपर्ने साँवा,ब्याज र हर्जनाको रकमसमेत उल्लेख गरी चलअचल सम्पत्ति भए पन्ध्र दिन र अचल सम्पत्ति भए पैतिस दिनको म्याद दिई उक्त म्यादभित्र तिर्नु बुझाउनुपर्ने रकम नबुझाएमा धितो लिलाम विक्री गरि साँवा, ब्याज र हर्जनाको रकम असुलउपर गरिने बारेको सूचना सम्बन्धित व्यक्तिलाई बुझाई संस्थाको कार्यालय, स्थानीय तहको सम्बन्धित वडा कार्यालय र सार्वजनिक स्थानमा टाँस्नुका साथै स्थानीय वा राष्ट्रिय स्तरको कुनै एक दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्ने, तर सम्बन्धित व्यक्तिलाई सूचना बुझाउन नसकिएको वा निज फेला नपरेको खण्डमा दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम लिलाम विक्रीको प्रक्रिया अगाडि बढाउन बाधा पर्नेछैन ।

तुलसी राम रेग्मी
नगर प्रमुख

(ग) धितो लिलाम विक्री गर्दा कार्यालय खुल्ने समयदेखि सुरु गरी बन्द हुने समय भन्दा एक घण्टाअगाडि समाप्त गर्नुपर्ने, तर लिलाम विक्री हुने भनी तोकिएको दिन बिदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम बिक्रि पर्नेछ,

(घ) धितो लिलाम बिक्री गर्दा लिलाम गरिने चलअचल सम्पत्ति रहेको सम्बन्धित वडाको प्रतिनिधि, मालपोत कार्यालय वा स्थानीय तहको मालपोत बिषय हेर्ने कर्मचारी, सम्बन्धित विषय हेर्ने कर्मचारी, सम्बन्धित विषयका प्राविधिक, सम्बन्धित संस्थाको व्यवस्थापक सहितको समितिले चलनचल्तीको मोल कायम गरी सोही रकमबाट डाँक बढाबढ गरी सुरु गर्नुपर्ने तथा डाँक बोल्न उपस्थित भई डाँक बढाबढ गर्ने व्यक्तिहरुमध्ये सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम बिक्रि स्वीकृत गर्ने, तर सञ्चालक समितिका पदाधिकारी, लेखासुपरिवेक्षण समितिका पदाधिकारी, उपसमितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र निजका नजिकका नातेदारले डाँक बढाबढमा भाग लिन पाउनेछैन ।

(ङ) डाँक बोल्न सुरु गरी बढाबढ गर्नेले डाँक अङ्क बोलेपछि संस्थाको विनियम वा अन्तरिक कार्यविधिमा तोकिएबमोजिमको ढाँचाका फारममा निजले बोलेको अङ्क स्पष्ट खोली निजको सहीछाप गराउने ।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्रि गर्दा जिल्ला प्रशासन कार्यालय वा लिलाम बिक्रि हुने ठाउँ नजिक कुनै सरकारी कार्यालय भए सो कार्यालय र स्थानीय तहको वडा कार्यालयको प्रतिनिधिलाई साक्षी राखी मुचुल्का गराउनु पर्नेछ ।

(३) लिखितरुपमा अनुरोध गर्दा समेत उपनियम (२) बमोजिम कुनै कार्यालयको प्रतिनिधि उपस्थित नभएमा उपस्थित प्रतिनिधि र स्थानीयतहको वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी लिलाम बिक्रि गर्नुपर्नेछ ।

(४) जुन व्यक्तिको चलअचल सम्पत्ति लिलाम बिक्रि गरिने हो सो व्यक्तिलाई लिलाम बिक्रि हुने समय र ठाउँ तोकी उपस्थित हुन सूचना पठाउनु पर्नेछ । तर त्यसरी लिलाम बिक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्रि गर्नका लागि बाधा पुगेको मानिने छैन ।

**२८. लिलाम बिक्री स्थगित गर्न सक्ने :**

(१) नियम ३० बमोजिम लिलाम बिक्रीको सूचना प्रकाशित भईसकेपछि ऋणी सदस्यले कर्जा चुक्ता गर्न आएमा वा समितिले तोकिदिएको रकम जम्मा गरी निश्चित अवधिभित्र कर्जा चुक्ता गर्न ऋणी सदस्य र संस्थाबीच सहमति भई लिलाम बिक्री स्थगित गर्नुपर्ने देखिएमा बिक्रीको सूचना प्रकाशन गर्ने सहकारी संस्था वा रजिष्ट्ररले त्यस्तो लिलाम बिक्री केही समयका लागि स्थगित गर्न सक्नेछ ।

**२९. असुलउपर हुन नसकेको रकम अरु जायजेथाबाट असुलउपर गर्ने :**

(१) धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा आएको रकमबाट सावा, ब्याज र हर्जनाको रकम असुलउपर हुन नसकेमा ऐन तथा प्रचलित कानूनबमोजिम बाँकी बक्यौता असुलउपर गर्नुपर्ने व्यक्तिको हकभोगको अन्य जायजेथाबाट नियम २७ मा उल्लिखित कार्यविधि अपनाई लिलाम बिक्री गरी असुलउपर गर्नु पर्नेछ ।

(२) मोहीले लिएको ऋणको हकमा निजले कमाएको बाली लिलाम बिक्री गरी साँवा, ब्याज र हर्जनाको रकम असुलउपर गर्नु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री हुने दिनसम्मको साँवा, ब्याज र हर्जनाको रकम असुलउपर गरी बाँकी हुन आएको रकम सरोकारवाला व्यक्तिलाई फिर्ता दिनु पर्नेछ ।

**३०. बेचबिखन वा लिलाम बिक्री गर्न वा लिजमा दिन नहुने :**

(१) यस नियमावलीमा अन्यत्र जुनस्ुकै कुरा लेखिएको भए तापनि संस्थाको घर, जग्गा लगायतका स्थिर सम्पत्ती नेपाल सरकारको स्वीकृति बिना बेचबिखन वा लिलाम बिक्री गर्न वा धितो राख्न वा पाँच बर्षभन्दा बढी अवधिका लागि लिजमा दिनु हुँदैन । तर त्यस्ता संस्थाले ऋण वा अन्य बाँकी बक्यौता बापत धितो लिएको वा संस्था आफैले धितो सकार गरेको घर, जग्गा यस नियमावली बमोजिम लिलाम बिक्री गर्न नेपाल सरकारको स्वीकृति आवश्यक पर्नेछैन ।

**३१. लिलाम सकार्ने व्यक्तिबाट रकम असुल गर्ने :**

(१) लिलाम बिक्रीको कार्य सकिनासाथ लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मूल्यको दश प्रतिशत रकम सोही दिन धरौटीका रुपमा लिई राख्नु पर्नेछ र बाँकी नब्बे प्रतिशत रकम लिलाम सकारेको मितिले सात दिनभित्र बुझाईसक्नुपर्नेछ तथा सो म्यादभित्र नबुझाएमा धरौटी राखेको रकम जफत हुने व्यहोरा कागज गराई राख्नु पर्नेछ ।



तुलसी राम रेग्मी
नगर प्रमुख

(२) लिलाम सकार्ने व्यक्तिले सकार गरेको मूल्यको दश प्रतिशत रकम सोही दिन नबुझाएमा निजपछि सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गर्नु पर्नेछ।

(३) लिलाम सकार गर्ने व्यक्तिले यस नियमबमोजिम सकार गरेको पूरा मूल्य बुझाएमा निजको नाउँमा सो जायजेथा प्रचलित कानूनबमोजिम रजिष्ट्रेशन वा दाखिल खारेजसमेत गरी दिनका लागि सहकारी संस्थाले सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ।

**३२. लिलाम बिक्री नभएमा जायजेथा सहकारी संस्थाको समित्वमा रहने :**

(१) नियम २७ र नियम २९ बमोजिम लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारी संस्थाले उक्त जायजेथाको स्वामित्व आफूमा लिन सक्नेछ र त्यस्तो स्थितिमा सम्बन्धित कार्यालयहरुले सहकारी संस्थाको जनाउबमोजिम आफ्नो कार्यालयमा रहेको श्रेस्तामा तदनुसार रजिष्ट्रेशन वा दाखिल खारेज गरिदिनु पर्नेछ।

**३३. जायजेथा फिर्ता दिनुपर्ने :**

(१) नियम ३२ बमोजिम संस्थाको नाममा कायम हुन आएको जायजेथा छ महिनाभित्र सम्बन्धित ऋणी सदस्यले आफूले तिर्नु बुझाउनुपर्ने साँवा र अघिल्लो दिनसम्मको ब्याज, हर्जना र लिलाम प्रक्रियासँग सम्बन्धित खर्चसमेत चुक्ता गरी फिर्ता लिन चाहेमा सम्बन्धित सहकारी संस्थाले आवश्यक प्रक्रिया पुऱ्याई फिर्ता दिनु पर्नेछ।

**३४. कर्जा सूचना केन्द्र :**

(१) संघीय सहकारी ऐनको दफा ६० बमोजिम कर्जा सुचना केन्द्र स्थापना गर्दा संघीय ढाँचा बमोजिम गर्नु पर्नेछ।

(२) कर्जा सूचना केन्द्र स्थपनाको आधार, सदस्यता, पूँजी, संरचना, सांगठनिक ढाँचा लगायतका व्यवस्थाहरु मन्त्रालयले स्वीकृत गरे बमोजिम हुनेछ।

(३) कर्जा सूचना केन्द्रमा बचत तथा ऋणको मूख्य कारोबार गर्ने संस्थाका साथै बचत तथा ऋण समेतको कारोबार गर्ने बहुउदेश्यीय वा अन्य विषयगत संस्था समेत सदस्य बन्न सक्नेछन।

(४) कर्जा सूचना केन्द्र सम्बन्धि अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

**३५. कालो सूचीसम्बन्धी व्यवस्था :**

(१) कर्जा सूचना केन्दले आफ्ना सदस्य रहेका सहकारी संस्थाहरुबाटऋण लिई रकमको अपचलन गर्ने वा भाखाभित्र ऋणको साँवा, व्याज फिर्ता नगर्ने व्यक्तिको नामनामेसीसहित कालो सूची प्रकाशन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कालो सूची प्रकाशन गर्दा कर्जा सूचना केन्द्रको निर्धारित मापदण्डअनुसार सम्बन्धित सदस्य संस्थाबाट प्राप्त सिफारिस सहितको प्रतिवेदनको आधार लिंनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम कालो सूचीमा परेका व्यक्तिहरुको नाम निर्धारित मापदण्डअनुसार सदस्य संस्थाहरुबाट प्राप्त सिफारिससहितको प्रतिवेदनको आधारमा कालो सूचीबाट हटाउन सकिनेछ।

## परिच्छेद-९
## एकीकरण विघटन र दर्ता खारेज

**३६. सहकारी संस्थाको एकीकरण :**

(१) ऐनको दफा ६५ बमोजिम दुई वा दुईभन्दा बढी संस्थाहरु एकीकरण गर्दा देहायका शर्त बन्देजहरु पूरा भएको हुनुपर्नेछः -

(क) कार्यक्षेत्र एक अर्कासँग खप्टिएको वा जोडिएको हुनुपर्ने,

(ख) एकै विषय वा प्रकृतिको संस्था हुनुपर्ने वा फरक विषय वा प्रकृतिको भएतापनि मूलतः एकै विषयमा प्रतिष्पर्धा भएको हुनुपर्ने,

(ग) सदस्यको प्रत्यक्ष सहभागिता एवं लोकतान्त्रिक नियन्त्रण कायम रहनुपर्ने।

(२) उपनियम (१) बमोजिम एकीकरण गर्दा साधारणतया मौजुदा संस्थाको कार्यक्षेत्रको आधार पुतलीबजार नगरपालिका वा वडा क्षेत्रभित्र भएको हुनु पर्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिका पूर्व-स्वीकृति बिना २०४९ साल जेठ २ गतेभन्दा अघि दर्ता भएका साझा (सहकारी) संस्थामा एकीकरण गर्न हुँदैन।



तुलसी राम रेग्मी
नगर प्रमुख

(४) महिलामात्र सदस्यता रहने संस्था महिलामात्र रहने संस्थामा एकीकरण गर्न प्राथमिकता दिनु पर्नेछ। तर विशेष रुपले पिछडिएका समुदायमा स्थापित संस्थाको सांगठनिक गतिशीलतामा असर पर्ने गरी एकीकरण गरिने छैन।

(५) एकीकरणको अन्य शर्त, आधार र प्रक्रिया नगरपालिकाबाट स्वीकृत कार्यविधिमा व्यवस्था भएबमोजिम हुनेछ।

**३७. सहकारी संस्थाको विभाजन :**

(१) ऐनको दफा ६५ बमोजिम सहकारी संस्थाको विभाजन गरी दुई वा दुईभन्दा बढी संस्थाहरु कायम गर्दा देहायको शर्तहरु पूरा भएको हुनु पर्नेछः -

(क) बचत तथा ऋणको मुख्य कारोबार भएको सहकारी संस्थाको हकमा सो को कार्यक्षेत्र पुतलीबजार नगरपालिकाको एक वडा भन्दा बढी भएको,

(ख) विभाजन प्रक्रियाबाट स्थानीयकरण गर्दा संस्थाहरुको कार्यसञ्चालनमा सदस्यहरुको सक्रिय सहभागिता तथा लोकतान्त्रिक नियन्त्रण कायम रहने अवस्था भएको।

(२) सहकारी संस्था विभाजन गर्दा मौजुदा कारोबार प्रकृतिअनुसार नियम ९ बमोजिमको विषयगत वर्गीकरण मिल्ने गरी फरक फरक भौगोलिक क्षेत्र कायम राखी विभाजन गर्न सकिनेछ।

(३) रजिष्टार वा अधिकारप्राप्त अधिकारीले सहकारी संस्थाको एकीकरण वा विभाजनको सिलसिलामा सम्बन्धित पक्षसँग राय लिन सक्नेछ।

(४) विभाजनका अन्य शर्त, आधार र प्रक्रिया नगरपालिकाबाट स्वीकृत कार्यविधिमा व्यवस्था एबमोजिम हुनेछ।

**३८. पूर्व सहमति लिनुपर्ने :**

नियम ३६ र ३७ म जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय, निकाय, बैंक, वित्तीय संस्था वा दातृ-निकायको ऋण, अनुदान वा अन्य प्रकारको सहयोग रकम वा जेथा रहेको संस्थाको एकीकरण वा विभाजन गर्दा त्यस्तो संस्थाले सम्बन्धित निकायको पूर्व स्वीकृति लिनु पर्नेछ।

## परिच्छेद - १०
## लिक्विडेशन सम्बन्धी व्यवस्था

**३९.लिक्विडेटरको नियुक्ति :**

(१) ऐनको दफा ६७ को उपदफा (२) बमोजिम पचास लाख रुपैयाँसम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीले आफु मातहतको अधिकृतस्तरका कर्मचारीलाई लिक्विडेटर नियुक्ति गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम नियुक्त लिक्विडेटरलाई दर्ता गर्ने अधिकारीले लिक्विडेशन सम्बन्धी काम गर्न आवश्यक निर्देशन दिन सकनेछ।

**४०. लिक्विडेटरको काम, कर्तव्य र अधिकार :**

(१) ऐनको दफा ६६ बमोजिम दर्ता खारेज भएको सहकारी संस्थाको लिक्विडेटरको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विघटन भएका सहकारी संस्थाबाट असुल हुन बाँकी रहेको रकम चुक्ता गर्नका लागि सो सहकारी संस्थाका हालवाला वा साविकवाला सदस्यहरु वा मृत सदस्यहरुको जायजेथाबाट बाँकी रकम नियम २७ र नियम २९ बमोजिम असुलउपर गर्ने,

(ख) विघटन भएका सहकारी संस्थासँग कुनै साहुको कुनै रकम बाँकी लागिराखेको रहेछ र सो संस्थाकै हिसाबकिताबमा चढाएको रहेनछ भने त्यस्ता साहुलाई यो यति म्यादभित्र सो रकम दाबा गर्न आउनु भनी वा सो बाँकी लगेको प्रमाणित नभएसम्म त्यति रकम वितरण नगरियोस् भनी दाबी गर्न आउनु भनी सूचना जारी गर्ने,

(ग) साहुहरु मध्ये कसलाई प्राथमिकता दिने भन्ने प्रश्न उठेमा त्यसको निणर्य गर्ने,

(घ) सहकारी संस्था विघटन गर्ने सिलसिलामा सहकारी संस्थाको जायजेथा जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने,

तुलसी राम रेग्मी
नगर प्रमुख

(ङ) सहकारी संस्थाले गरेको वा सहकारी संस्थाको विरुद्धमा गरिएको दाबी सम्बन्धमा दुबै पक्षबीचमा मिलापत्र गराउने,

(च) विघटनका लागि आवश्यक देखेमा सदस्यहरुको बैठक बोलाउने,

(छ) सहकारी संस्थाको खाताबही, कागजात, लिखत र जायजेथाको जिम्मा लिने,

(ज) सहकारी संस्थाको सम्पत्ति बेचबिखन गर्ने,

(झ) सरोकारवालाहरुसँग समेतको परामर्शमा सहकारी संस्थाको जायजेथा वितरण गर्ने योजना तयार गरी त्यसको वितरण गर्ने ।

(२) उपनियम (१) बमोजिमको अधिकारको प्रयोग गर्दा लिक्विडेटरले आवश्यक सम्झेमा सहकारी संस्थाको गठन, काम, कर्तव्य, सम्पत्ति वा अन्य कुराको सम्बन्धमा आवश्यक जानकारी प्राप्त गर्न पक्ष, विपक्ष, साक्षीहरु, र संस्थाको कुनै कर्मचारीलाई आपूmसमक्ष उपस्थित गराई सोधपुछ गर्न सक्नेछ ।

**४१. लिक्विडेशन नियन्त्रण गर्ने दर्ता अधिकारीको अधिकार :**

नियम ४० बमोजिमको अधिकार प्रयोग गरी लिक्विडेटरले गरेको कामलाई दर्ता अधिकारीले दोहोऱ्याई हेरी देहायबमोजिम गर्नसक्नेछ :-

(क) निर्देशन विपरित लिक्विडेटरले जारी गरेको आदेश खारेज गर्न, बदल्न वा आवश्यकता अनुसार अर्को आदेश जारी गर्न,

(ख) संस्थाको खाताबही, कागजात, लिखत र जायजेथाहरु पेश गराउन,

(ग) नियम ४० बमोजिम लिक्विडेटरको अधिकारमा आपूmलाई उपयुक्त लागेको हद-बन्देज तोकीदिन,

(घ) लिक्विडेटरले जाँचेको हिसाबकिताबको प्रतिवेदन लिन,

(ङ) नियम ४० को खण्ड (ङ) बमोजिम मिलापत्र गराउने र सो नियमको खण्ड (झ) बमोजिम जायजेथा वितरण गर्ने सम्बन्धमा सामान्य सिद्धान्त निर्धारण गरी दिन,

(च) लिक्विडेटरले पाउने पारिश्रमिक एवं भत्ताको निमित्त आवश्यक निर्देशन दिन,

(छ) लिक्विडेटरलाई पदबाट हटाई अर्को नियुक्त गर्न ।

**४२. दायित्व भुक्तानी :**

(१) ऐनको दफा ६६ अन्तर्गत दर्ता खारेज वा विघटन भएको सहकारी संस्थाको कोषबाट देहाय बमोजिमको प्राथामिकता क्रम अनुसार देहायको कार्य गर्नका लागि खर्च गर्न सकिनेछः-

(क) विघटनको कामको निमित्त भएका खर्चहरु फछ्र्यौट गर्न,

(ख) सदस्यहरुलाई बचत रकम भुक्तानी गर्न,

(ग) कर्मचारीको तलब भत्ता दिन,

(घ) ऋण भुक्तानी गर्न,

(ङ) अन्य भुक्तानी दिनुपर्ने रकम दिन,

(च) शेयर पूँजी फिर्ता दिन,

(छ) लाभांश नबाँडिएको समयजतिको हकमा लाभांश वितरण गर्न ।

(२) कुनै सहकारी संस्थाको विघटनको काम समाप्त भईसकेपछि पनि सो संस्थाको कुनै साहुले पाउनुपर्ने रकम लिन नआएमा विघटनको काम समाप्त भएको मितिले तीन महिनाभित्र उक्त संस्थाको कोषउपर त्यस्तो साहुले आपूmले पाउनुपर्ने रकमका लागि दाबी गरिसक्नु पर्नेछ र सो म्याद नाघेपछि परेको दाबीउपर कुनै कारबाही हुनेछैन ।

**४३. लिक्विडेशनपछिको सम्पत्तिको उपयोग :**

(१) ऐनको दफा ६८ बमोजिम सहकारी संस्थाको लिक्विडेशन पश्चात नियम ४२ बमोजिम सबै दायित्व भुक्तान गरी बाँकी रहेको सम्पत्ति दर्ता अधिकारीको निर्देशन बमोजिम देहायको प्रथामिकताक्रम अनुसार हस्तान्तरण गर्न सकिनेछ :-

(क) विघटित सहकारी संस्थाको कार्यक्षेत्रमा सेवा पुऱ्याउन सक्ने नजिकको सोही प्रकृतिको अन्य कुनै सहकारी संस्था,

(ख) विघटित सहकारी संस्था सदस्य भएको सोही प्रकृतिको माथिल्लो संस्था ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले आफ्नो सिफारिसमा नियम ४२ को उपनियम (१) बमोजिम खर्च गरिसकेपछि बाँकी रहन आएको सहकारी संस्थाको कोषको रकम सहकारी आन्दोलनलाई योगदान पुऱ्याउने अन्य कुनै निकायलाई



तुलसी राम रेग्मी
नगर प्रमुख

हस्तान्तरण गर्न वा स्थानीय सामुदायिक शिक्षा वा स्वास्थ्यसँग सम्बन्धित वा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकलाई प्रत्यक्ष फाईदा पुग्ने स्थानीय सामुदायिक विकासको प्रायोजनका लागि हस्तान्तरण गर्न सक्नेछ।

## परिच्छेद-११

## निरीक्षण तथा अनुगमन

**४४. नेपाल राष्ट्र बैंकले निरीक्षण तथा हिसाबकिताब जाँच गर्न सक्ने :**

(१) संघीय सहकारी ऐनको दफा ७१ को उपदफा (२) बमोजिम नेपाल राष्ट्र बैंकले पचास करोड रुपैंयाभन्दा बढीको बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको निरीक्षण वा हिसाबकिताब जाँच गर्न गराउन सक्नेछ।

(२) दर्ता अधिकारीले उपनियम (१) बमोजिम नेपाल राष्ट्र बैंकबाट भएको निरीक्षण वा हिसाब जाँच प्रतिवेदनका सिफारिसहरुको कार्यान्वयनको व्यवस्था मिलाउनेछ।

**४५. निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था :**

(१) संघीय सहकारी ऐनको दफा ७३ बमोजिम पुतलीबजार नगरपालिका क्षेत्रभित्र बचत तथा ऋणको मुख्य कारोबार गर्ने देहायका सहकारी संस्थाको हकमा देहाय बमोजिम सरोकारबालाहरुको संयुक्त टोली बनाई अनुगमन गर्न सक्नेछ।

(क) पुतलीबजार नगरपालिकाको नियमन क्षेत्राधिकारभित्रका पाँच करोड रुपैया भन्दा बढी बचत दायित्व भएका सहकारी संस्थाको पुतलीबजार नगरपालिका र प्रदेश सरकारको सहकारी नियामक निकायबाट,

(ख) पुतलीबजार नगरपालिका वा प्रदेश सरकारको नियमन क्षेत्राधिकारभित्रका पच्चीस करोड रुपैया भन्दा बढी बचत दायित्व भएका सहकारी संस्थाको पुतलीबजार नगरपालिका वा प्रदेश सरकारको सहकारी नियामक निकाय र विभागकोबाट,

(ग) पचास करोड रुपैयाँभन्दा बढी बचत दायित्व भएका सहकारी संस्थाको पुतलीबजार नगरपालिका वा प्रदेश सरकारको सहकारी नियामक निकाय, विभाग र नेपाल राष्ट्र बैंकको तर्फबाट।

तर पचास करोड रुपैयाँभन्दा बढी बचत दायित्व भएका जुनसुकै सहकारी संस्थाको विभागबाट सघन अनुगमन गर्न बाधा पर्ने छैन।

(२) नगरपालिकाभर कार्यक्षेत्र रहेका सबै प्रकृतिकासहकारी संस्थालेनगरपालिकाद्वारा तोकिए बमोजिम एकीकृत व्यवस्थापन प्रणालीमा आबद्ध हुनुपर्नेछ।

(३) सहकारी संस्थाहरुले बचत सुरक्षण, वित्तीय संरचना, सम्पत्तिको स्तर, तरलता, लगानीका क्षेत्रलगायतमा संघीय सहकारी विभाग, प्रदेश सहकारी रजिष्ट्रार कार्यालय तथा पुतलीबजार नगरपालिकाले तोकेको मानकहरुको पालना गर्नुपर्नेछ।

(४) उपनियम (३) बमोजिम सूचनाप्रणालीका आधारमा विभाग तथा नगरपालिकाले उपनियम (४) बमोजिम तोकिएको मानकहरुको पालनाको अवस्थाको नियमित अनुगमन गरी पालना नभएको पाईएमा तत्काल निर्देशन दिन सक्नेछ।

(५) यस नियमबमोजिम हुने निरीक्षण तथा अनुगमनसम्बन्धी अन्य व्यवस्था नगरपालिकाबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ।

(६) उपनियम (६) बमोजिम कार्यविधी स्वीकृत गर्दा नगरपालिकाले विभाग लगायतका सरोकारवाला संस्थाहरुको समेत परामर्श लिन सक्नेछ।

**४६. वार्षिक प्रतिवेदनमा समावेश हुनुपर्ने विवरण :**

स्थानीय सहकारी ऐनको दफा ७४ को उपदफा (१) मा उल्लिखित विवरणहरुको अतिरिक्त दर्ता अधिकारीले पेश गर्ने वार्षिक निरीक्षण प्रतिवेदनमा समावेश हुनुपर्ने अन्य विषयहरु अनुसूची ११मा तोकिएबमोजिम हुनेछ।

## पच्छिेद- १२

## विविध

**४७. सहकारी प्रवर्द्धन :**

(१) नगरपालिका क्षेत्रभित्र रहेका सबै विषय र प्रकृतिका सहकारीहरुबीच समन्वय र सहकारी गतिविधिहरु प्रवर्दनका लागि देहाय बमोजिमको सहकारी प्रवद्र्धन तथा समन्वय समिति गठन गर्न सकिनेछ।

(क) नगर प्रमुख संयोजक,



तुलसी राम रेग्मी
नगर प्रमुख

(ख) नगर उपप्रमुख सदस्य,

(ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य,

(घ) आर्थिक विकास समिति संयोजक,

(ङ) जिल्ला सहकारी संघको अध्यक्ष,

(च) विषयगत संघहरुमध्येबाट नगरपालिकाबाट मनोनित १ जना महिला सहित कम्तिमा २ जना,

(छ) स्थानीय सहकारी विज्ञमध्ये नगरपालिकाबाट मनोनित १ जना,

(ज) सहकारी शाखा प्रमुख सदस्य-सचिव, समितिले आवश्यकता अनुरुप सम्बन्धित क्षेत्रका थप व्यक्तिहरुलाई आमन्त्रित गर्न सक्नेछ ।

(२) काम कर्तव्य र अधिकारउपनियम १ बमोजिम गठित समितको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछः

(क) स्थानीय सरकार र सहकारी संघ संस्थाहरुबीच समन्वय, सहयोग र सहकार्यको भावना विकसित गर्ने ।

(ख) स्थानीय सहकारी संस्थाहरुको प्रवद्र्धन, विकास र विस्तारमा आवश्यक सहजीकरण र समन्वय गर्ने ।

(ग) स्थानीय सहकारी अभियानका साझा सवालहरुमा सरकार र अभियानबीच छलफल र बहसको माध्यमबाट समानधारणा विकसित गर्ने ।

(घ) सहकारीसम्बन्धी शिक्षा, तालिम, अन्तरक्रिया, अनुभव आदानप्रदान, अवलोकन भ्रमण आदिको आयोजनामार्फत यस क्षेत्रको सवलीकरणमा आवश्यक सहयोग गर्ने ।

(ङ) सहकारीसम्बन्धी महत्वपूणर् दिवस तथा कार्यक्रमहरु सभ्य र भव्य रुपमा आयोजनाका लागि आवश्यक तयारी र छलफल गर्ने ।

(च) सहकारीसम्बन्धी आवश्यक नीति, नियम, कार्यविधि, निर्देशिका, मापदण्डहरु निर्माण तथा संशोधन लगायतका नीतिगत तथा कानूनी विषयहरुमा राय, सल्लाह, सुझावसहित सक्रिय, सृजनात्मक एवम् रचनात्मक कार्यहरु गर्ने ।

**४८. स्थिरीकरण कोष सम्बन्धी व्यवस्था :**

(१) ऐनको दफा ७६ बमोजिमको स्थिरीकरण कोषमा सहभागी सहकारी संस्थाले नियम २४ उपनियम (१) को खण्ड (छ) बमोजिमको रकम जम्मा गर्न सक्नेछन् ।

(२) उपनियम (१) बमोजिमको कोषको सञ्चालनको लागि संघीय सहकारी नियमावली २०७५ अनुरुपको समिति रहनेछ ।

(३) उपनियम (२) बमोजिमको कोष सञ्चालन समितिको परिचालन सञ्चालनका शर्तहरु तथा उपनियम (१) बमोजिमको कोष स्थापना, सहभागी संस्थाहरुको योग्यता, सहभागिताका शर्त- बन्देज, कोषको उपयोग र कोष सञ्चालनसम्बन्धी व्यवस्था संघीय ऐन तथा नियमावली तथा कार्यविधि अनुसार हुनेछ ।

**४९. छुट, सुविधा र सहुलियत प्राप्ति :**

(१) ऐनको दफा ५७ को उपदफा (१) र (२) मा उल्लिखित छुट, सुविधा र सहुलियत प्राप्तिसम्बन्धी प्रक्रिया पुतलीबजार नगरपालिकाबाट स्थानीय राजपत्रमा प्रकाशित सूचना बमोजिम हुनेछ ।

(२) ऐनको दफा ५७ को उपदफा (१) र (२) बमोजिमको छुट, सुविधा र सहुलियत नगरपालिकाको सिफारिसमा प्राप्त हुनेछ ।

(३) ऐनको दफा ५७ बमोजिमको छुट, सुविधा र सहुलियतको प्राप्ति बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम नगरपालिकाबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

(४) उपनियम (२) र (३) बमोजिम छुट, सुविधा र सहुलियत प्राप्तिका लागि सिफारिस गर्ने शर्त, आधार र प्रक्रिया नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

**५०. दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार :**

(१) ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः -

(क) सहकारी संस्था दर्ता गर्नका लागि परेको दरखास्तउपर आवश्यक जाँचबुझ गरी सहकारी संस्था दर्ता गर्ने र दर्ता प्रमाणपत्र दिने,

(ख) ऐन र यस नियमावलीको अधिनमा रही सहकारी संस्थाले आफ्नो कार्यसञ्चालन गर्न बनाएको विनियम स्वीकृत गर्ने,

(ग) ऐन र यस नियमावलीको अधिनमा रही सहकारी संस्थाको एकीकरण, विभाजन तथा कार्यक्षेत्र पुनः निर्धारणसम्बन्धी कार्य गर्ने,



तुलसी राम रेग्मी
नगर प्रमुख

(घ) नियमित रुपमा सहकारी संस्थाको निरीक्षण तथा हिसाबकिताब जाँच गर्नुका साथै स्थापित सूचना प्रतिवेदन प्रणालीका आधारमा सहकारी संस्थाको निरन्तर अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ङ) सहकारी संस्थाहरुको लेखापरीक्षणको नियमित अनुगमन गरी निर्धारित अवधि भित्र लेखापरीक्षण गराउने सहकारी संस्थाहरुको लेखापरीक्षण गराउने,

(च) विपन्न ग्रामीण महिला, अपाङ्गता भएका व्यक्ति, मुक्त कमैया, मुक्त हलिया, भूमिहीन कृषक, बेरोजगार, श्रमिक र दलित तथा अल्पसंख्यक जनजाती समेतका सीमान्तकृत समूहको खेतीपाती वा सदस्यको श्रम वा सीपमा आधारित स्व-रोजगारीमा उद्योगधन्दा प्रवद्र्धन गर्न योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने,

(छ) सहकारी व्यवसाय, कृषि उपजको मूल्यशृंखला विकास एवं तत्सम्बन्धी अन्तरसहकारी कारोबारका आयोजनाहरुलाई सहयोग पुऱ्याउने,

(ज) सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरुको तर्जुमा, सञ्चालन तथा विस्तारका कार्यहरुको समन्वय गर्ने,

(झ) सहकारी संस्थाहरुको विकास, सहकारी सिद्धान्त, मूल्य मान्यताहरुको प्रचलन तथा सहकारी संस्थाहरुमा सुशासन कायम गराउनका लागि आवश्यक निर्देशन गर्ने,

(ञ) ऐन, यस नियमावली अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधी तथा विनियम बमोजिम कार्य नगर्ने सहकारी संस्थाहरुलाई ऐनमा भएका व्यवस्थाबमोजिम जरिवाना तथा अन्य कारबाही गर्ने,

(ट) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सहकारी संस्थाहरुको बार्षिक निरीक्षण प्रतिवेदन नगरपालिकामा पेश गर्ने,

(ठ) निष्कृय अवस्थामा रहेका साझा सहकारी संस्थाहरुलाई सक्रिय बनाउन आवश्यक कार्य गर्ने,

(ड) आवश्यक मापदण्ड निर्धारण गरी सहकारी संस्थाको सेवा केन्द्र, संकलन केन्द्र तथा बिक्री केन्द्र सञ्चालनको स्वीकृति दिने,

(ढ) ऐन र यस नियमावली र अन्तर्गत बनेका निर्देशिका, मानदण्ड, कार्यविधि तथा मन्त्रालयबाट प्राप्त निर्देशनबमोजिमका अन्य कार्यहरु गर्ने,

(२) दर्ता गर्ने अधिकारीले ऐन तथा यस नियम बमोजिम आपूmलाई प्राप्त अधिकारहरुमध्ये केही अधिकार आवश्यकता अनुसार आपूmमातहतका अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**५१. प्रतिनिधि पठाउन सकिने :**

सहकारी संस्थाहरुले सम्बन्धित विषयगत संघको साधारण सभामा प्रतिनिधि पठाउँदा संस्थाको विनियममा व्यवस्था भए बमोजिम सदस्य संस्थाको सदस्य संख्याको अनुपातको आधारमा बढीमा पाँच जनासम्म पठाउन सकिनेछ । सम्बन्धित संस्थाले प्रतिनिधि पठाउँदा मताधिकार प्रयोग गर्ने एक जना प्रतिनिधि सञ्चालक समितिको निणर्यबमोजिम तोकी पठाउनु पर्नेछ ।

**५२. सहकारी सम्बन्धी शैक्षिक क्रियाकलाप प्रमाणीकरण :**

(१) स्थानीय तहमा सहकारी शिक्षा सञ्चालन गर्ने सहकारी संस्था वा निकायको लागि पाठ्यक्रम निर्धारण तथा त्यस्ता संस्थाको प्रमाणीकरण गर्नका लागि देहाय बमोजिमको एक प्रमाणीकरण समिति रहनेछः

नगर प्रमुख- अध्यक्ष

नगर उपप्रमुख -सदस्य

प्रमुख प्रशासकीय अधिकृत -सदस्य

नगरकार्यपालिकका सदस्यहरुमध्ये १ महिलासहित २ जना -सदस्य

सहकारी विज्ञमध्ये नगरपालिकाले तोकेको १ महिलासहित -२ जना

स्थानीय शिक्षा अधिकारी

सहकारी शाखा प्रमुख सदस्य -सचिव

(२) उपनियम (१) बमोजिमको समितिले बैठकमा आवश्यकता अनुसार विषयविज्ञलाई आमन्त्रण गर्नसक्नेछ ।

(३) उपनियम (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः -

(क) सहकारी प्रशिक्षण संस्था वा निकायहरुको आधारभूत संस्थागत निर्धारणहरु स्पेसिफिकेसन) तोक्ने,



तुलसी राम रेग्मी
नगर प्रमुख

(ख) सहकारी प्रशिक्षण संस्था वा निकायहरुबाट सञ्चालन हुने शैक्षिक तथा प्रशिक्षण कार्यक्रमको प्रशिक्षार्थी समूहअनुसार पाठ्यक्रम, अवधि, स्रोत व्यक्तिका योग्यतालगायतका न्यूनतम निर्धारकहरु तय गर्ने,

(ग) खण्ड (क) र (ख) बमोजिमका निर्धारकहरु पूरा गर्ने सहकारी संस्था वा निकायहरुबाट सञ्चालन हुने प्रशिक्षण क्रियाकलापहरुको प्रमाणीकरण गर्ने,

(घ) विद्यालय तथा विश्वविद्यालय तहमा सहकारी शिक्षा समावेश गर्नका लागि पाठ्यक्रम विकास गरी सिफारिस गर्ने,

(ङ) विभिन्न संस्था वा निकायहरुबाट सञ्चालित सहकारी शैक्षिक तथा प्रशिक्षण क्रियाकलापहरुको निरीक्षण गरी पृष्ठपोषण लिने,

(च) सहकारी शिक्षा तथा प्रशिक्षण क्रियाकलापहरुको स्तरोन्नतिका लागि सहकारी संघसंस्थाहरुलाई मार्गदर्शन गर्ने

(छ) सहकारी शिक्षा तथा प्रशिक्षण कार्यको प्रमाणीकरणसँग सम्बन्धित अन्य कार्यहरु गर्ने ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्था वा निकायहरुले सञ्चालन गर्ने दुई दिनभन्दा कम अवधिको प्रारम्भिक सहकारी सदस्य-शिक्षा कार्यक्रमहरुको हकमा प्रमाणीकरण गराईराख्नु पर्ने छैन ।

(५) उपनियम (१) बमोजिमको प्रमाणीकरण समितिले आप्‌mनो कार्यविधि आफै बनाउन सक्नेछ ।

**५३. अन्तरसहकारी कारोबार :**

(१) संघीय सहकारी ऐनको दफा ९४ बमोजिम अन्तरसहकारी कारोबार गर्दा संलग्न संस्थाहरुको विनियममा निर्धारित सदस्यहरुको आवश्यकताको आधार लिएको हुनु पर्नेछ ।

(२) संस्थाहरुले स्थानीय उत्पादनको मूल्य श्रृंखला विकाससँग सम्बन्धित अन्तरसहकारी कारोबारलाई बढवा दिने गरी कार्य गर्न सक्नेछ ।

(३) अन्तरसहकारी कारोबारमा संलग्न विभिन्न संस्थाहरुले आफ्ना सदस्यहरुबाट उत्पादित उपज अग्रणी संस्था (लिड को-अपरेटिभ) को अवधारणाबाट कुनै एक संस्थामार्फत संङ्कलन, प्रशोधन एवं बजारीकरण गर्ने व्यवस्था मिलाउने गरी एकीकृत योजना सञ्चालन गर्न सक्नेछन् ।

(४) सहकारी संस्थाले विनियममा व्यवस्था गरी विद्युतीय प्रणाली मार्फत आफ्ना नेपाल भरका कुनै सहकारी संस्थाबाट आफ्नो खातामा रकम जम्मा गर्न र झिक्न सक्ने गरी अन्तर सहकारी कारोबार गर्न सक्नेछन ।

(५) बचत तथा ऋणसम्बन्धी अन्तर सहकारी कारोबारको हकमा सम्बद्ध सहकारी संस्थाहरुले नगरपालिकाले सम्बन्धित विषयगत संस्था संघहरुको भूमिकासमेत निर्दिष्ट गरी तोक्न सक्को मापदण्ड पालना गर्नु पर्नेछ ।

(६) अन्तर सहकारी कारोबार सम्बन्धी अन्य व्यवस्था संघीय सहकारी मन्त्रालयबाट स्वीकृत गरेको कार्यविधिबमोजिम हुनेछ ।

**५४. समिति वा लेखा सुपरीवेक्षण समितिमा रहन नसक्ने :**

(१) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्था दर्ता तथा नियमन सम्बन्धी कार्यमा प्रत्यक्षरुपमा संलग्न निर्वाचित वा मनोनित हुने सार्वजनिक पदमा बहाल रहेको पदाधिकारी वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय वा निकायमा कार्यरत कर्मचारी तथा शिक्षकहरुपेशागत सहकारी संस्था बाहेकका सहकारी संस्थाको सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिमा निर्वाचित वा मनोनित हुन सक्ने छैन ।

(२) यो नियम प्रारम्भ हुँदाको बखत उपनियम (१ा) मा उल्लेखित पदाधिकारी वा कर्मचारी कुनै सहकारी संस्थाको समिति वा लेखा सुपरिवेक्षण समितिमा र सहकारी संस्थाको नियमन गर्ने निकायमा रहेछ भने यो नियमावली प्रारम्भ भएपछिको संस्थाको पछिल्लो पहिलो साधारण सभाबाट त्यस्ता सदस्यहरु हटाई समिति वा लेखासुपरिवेक्षण समितिको पुनर्गठन गर्नुपर्नेछ ।

**५५. मुद्दाको प्रतिरक्षा सम्बन्धी व्यवस्था :**

संघीय सहकारी ऐनको परिच्छेद-१८ बमोजिम समस्याग्रस्त संस्था सम्बन्धमा व्यवस्थापन समितिले गरेको निणर्य वा काम कारबाहीको विषयमा कुनै अदालत वा अर्धन्यायिक निकायमा मुद्दा वा विवाद परेमा सो को प्रतिरक्षा जिल्ला सरकारी वकिल कार्यालयबाट खटिएका सरकारी वकिलबाट हुनेछ ।

**५६. प्रोत्साहन गर्ने व्यवस्था :**



तुलसी राम रेग्मी
नगर प्रमुख

(१) पुतलीबजार नगरपालिकाले वार्षिक कार्यक्रममा व्यवस्था गरी सहकारी संस्था, सहकारिता वा सहकारी सम्बन्धी कार्यमा उल्लेखनीय काम गर्ने व्यक्ति, सहकारी संस्था वा निकायलाई कदरपत्र, नगद पुरस्कार वा दुवै गरी सम्मान वा पुरस्कृत गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सम्मान वा पुरस्कृत गर्दा व्यक्ति, सहकारी संस्था वा निकायहरुका लागि छुट्टाछुट्टै आधारहरु तय गरी स्वीकृत गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्रोत्साहनयोग्य व्यक्ति, सहकारी संस्था वा निकायको छनौट गर्न नगरपालिकामा एक समिति रहनेछ ।

(४) उपनियम (३) बमोजिमको समितिले आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ ।

**५७. जानकारी दिनुपर्ने :**

(१) यस नियमावलीमा अन्यत्र जेसुकै कुरा लेखिएको भए तापनि संघ वा प्रदेशको नियमन क्षेत्राधिकारअन्तर्गत रहेको सहकारी संस्थाले यस पुतलीबजार नगरपालिकामा कार्यालय, सेवा केन्द्र, वा अन्य माध्यमबाट सेवा सञ्चालन गर्दा यस नगरपालिकामा जानकारी गराउनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमका सहकारी संस्थाहरुले आफ्नो वित्तीय एवम् गैरवित्तीय विवरण नगरपालिकामा मासिक रुपमा पठाउनुपर्नेछ । सो सम्बन्धी जानकारी नगरपालिकालेप्रदेश वा विभागमा पठाउनु पर्नेछ ।

(३) स्थानीय सहकारी ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै सहकारी संस्थामा सघन समस्या रहेको आशंका वा गुनासो प्राप्त भएमा स्थानीय दर्ता अधिकारीले आवश्यक छानविनका लागि संघीय सहकारी विभागमा लेखी पठाउन सक्नेछ ।

**५८. अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने :**

पुतलीबजारनगरपालिकाले आवश्यक देखेमा स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

**५९. बचाउ :**

यसअघि यस नगरपालिकाबाट भए गरेका सहकारीसम्बन्धी सम्पूणर् काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

तुलसी राम रेग्मी
नगर प्रमख

**अनुसूची-१**

**(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)**

**दर्ता दरखास्तको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
पुतलीबजार नगरपालिका
नगरकार्यपालिकाको कार्यालय,
स्याङ्जा ।

**विषय : सहकारी संस्थाको दर्ता ।**

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं । उद्देश्यअनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेस गरेका छौं ।

संस्थासम्बन्धी विवरण

(क) प्रस्तावित संस्थाको नाम:-

(ख) ठेगाना :-

(ग) उद्देश्य :-

(घ) मुख्य कार्य :-

(ङ) कार्यक्षेत्र :-

(च) दायित्व :-

(छ) सदस्य सङ्ख्या :-

(१) महिला ........ जना

(२) पुरुष ......... जना

(छ) प्राप्त सेयर पुँजीको रकम :– रु. ....

(ज) प्राप्त प्रवेश शुल्कको रकम :- रु. ..... ।

आवेदकहरुको तर्फबाट
नाम :
हस्ताक्षर :
पद : तदर्थ सञ्चालक समितिका अध्यक्ष
प्रस्तावित
......................सहकारी संस्था लि.

तुलसी राम रेग्मी
नगर प्रमुख

**अनुसूची–२**
**(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)**
**सम्भाव्यता अध्ययन प्रतिवेदनको ढाँचा**

१. परिचय
२. संस्था गठन गर्नुपर्ने कारण
३. सदस्यताको जनसाङ्ख्यिक विवरण
४. सहभागिताको औचित्य
५. व्यावसायिक सम्भाव्यता
५.१. सदस्य केन्द्रीयताका आधारमा व्यावसायिक कारोबारको अनुमान।
५.२ सदस्यहरुको संरक्षण सुनिश्चित गर्ने आधारहरु।
५.३ कारोबारबाट हुने बचत
६ पुँजी आवश्यकता र श्रोत
६.१ आवश्यकताको अनुमान
६.२ श्रोत
६.३ पुँजी परिचालनका तर्कसम्मत आधारहरु
७. बजार विश्लेषण
७.१ नजिकको बजार
७.२ टाढाको बजार
७.३ प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा टिक्ने आधारहरु
८. कार्यक्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरुको संख्या, सेवा र सदस्यताको प्रकाशनमा प्रस्तावित संस्थाको औचित्य।
९. पहिलो स्थापना भइसकेका समान प्रकृतिका संस्थाहरुका संलग्न हुन नसक्ने कारण।
१०. महिला सशक्तिकरण र सामाजिक समावेशीकरण आयामहरु।
११. जनशक्ति व्यवस्था।
१२. संस्थाको विकास र स्थायित्वका आधारहरु।

तुलसी राम रेग्मी
नगर प्रमुख

## अनुसूची - ३

**(नियम ४ को उपनियम (२) र नियम २५ को उपनियम (२) को खण्ड (क) सँग सम्बन्धित)**

**आवेदकहरुको विवरण फारामको ढाँचा**

| क्र.सं | बाजेको नाम थर | बाबुको नाम थर | पति वा पत्निको नाम थर | आवेदकको नाम, थर | उमेर | ठेगाना | पेशा | सेयरको विवरण | | | सम्पर्क नं. | औंठा छाप | फोटो र फोटोमा पर्ने गरी सहीछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रति सेयर रकम रु | खरिद शेयर संख्या | शेयरको जम्मा रकम | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

तुलसी राम रेग्मी
नगर प्रमुख

# अनुसूची–४

## नियम ४ को उपनियम (३) को खण्ड (ख) सँग सम्बन्धित

## व्यावसायिक कार्ययोजनाको ढाँचा

संस्थाको नाम :

ठेगाना :

**(क) उदेश्य:**

१. ........................................................................

२. ........................................................................

३. ........................................................................

**(ख) कार्यहरु:**

१. ........................................................................

२. ........................................................................

३. ........................................................................

४. ........................................................................

५. ........................................................................

६. ........................................................................

(ग) आगामी ३ बर्षपछिको अवस्थाको प्रक्षेपण

**(१) सदस्यता विस्तार लक्ष्य**

| विवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्य संख्या | | | | |
| महिला | | | | |
| पुरुष | | | | |
| जम्मा | | | | |
| जम्मा सदस्यमा दलित समुदायको प्रतिशत | | | | |
| जम्मा सदस्यमा जनजाति समुदायको प्रतिशत | | | | |

**(२) व्यावसायिक सेवा विस्तार लक्ष्य**

| विवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| **सदस्यको उत्पादन खरिद** | | | | |
| परिमाण (......) | | | | |
| रकम रु. | | | | |
| लाभान्वित हुने सदस्य (जना) | | | | |
| **सदस्यलाई बस्तु तथा सेवा विक्रि** | | | | |
| परिमाण (......) | | | | |
| रकम रु. | | | | |
| लाभान्वित हुने सदस्य (जना) | | | | |
| सदस्यलाई रोजगारीको अवसर सृजना | | | | |
| प्रत्यक्ष रोजगारीको अवसर सृजना | | | | |



तुलसी राम रेग्मी
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| प्रत्यक्ष पूर्णकालिन (जना) | | | | |
| अप्रत्यक्ष पूर्णकालिन (बर्षमा २,०८० घण्टाको १ जनाको हिसाबमा जम्मा जना) | | | | |
| **सदस्यलाई ऋण सेवा (बार्षिक)** | | | | |
| रकम रु. | | | | |
| जना | | | | |
| **सदस्यलाई बचत सेवा (मौजदात)** | | | | |
| रकम रु. | | | | |
| जना ः | | | | |

(३) सहकारी गतिविधि विस्तार लक्ष्य:

| विवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्य शिक्षा | | | | |
| गाउँ टोल उपक्षेत्रीय सदस्य बैठकहरु आयोजना (बार्षिक पटक) | | | | |
| सामुदायिक विकासका योजनाहरु सञ्चालन | | | | |

**(घ) पूँजीको श्रोत र उपयोग:**

| विवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| आवश्यकता | | | | |
| स्थिर पूँजी तर्फ ( घर, जग्गा, फर्निचर, कारखाना, उपकरण, फर्निचर आदि) | | | | |
| चालु पूँजी तर्फ ( मौजदात मालसमान, उधारो विक्रि, नगद मौजदात आदि) | | | | |
| ऋण लगानी तर्फ | | | | |
| जम्मा | | | | |
| श्रोत | | | | |
| सेयर पूँजी | | | | |
| जगेडा कोष | | | | |
| अन्य...... | | | | |
| सदस्यको बचत ( सदस्यलाई ऋण दिन मात्र ) | | | | |
| जम्मा | | | | |

**(ङ) कार्यान्वयन जिम्मेवारी बाँडफाँड:**

(१) सञ्चालक समितिको जिम्मेवारी

क)

ख)

ग)

(२) गाउँ/टोल/उपक्षेत्रीय बैठकको जिम्मेवारी



तुलसी राम रेग्मी
नगर प्रमुख

(क)

(ख)

(ग)

(३) लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी

(क)

(ख)

(ग)

(४) व्यवस्थापन कर्मचारीहरुको जिम्मेवारी

(क)

(ख)

(ग)

(५) प्रत्येक सदस्यहरुको जिम्मेवारी

(क)

(ख)

(ग)

(च) कार्ययोजनाबाट सदस्यहरुको जीवनमा पर्ने प्रभावका सूचकहरु :

(क)

(ख)

(ग)

(घ)

(ङ)

(छ) कार्यान्वयन प्रगतिको समीक्षा एवं जवाफदेहीता स्थापना विधि:

(क)

(ख)

(ग)

(घ)

(ङ)

तुलसी राम रेग्मी
नगर प्रमुख

**अनुसूची–५**

**(नियम ४ को उपनियम (३) को खण्ड (ग) सँग सम्बन्धित)**

**भरपाई को ढाँचा**

भरपाइ दादै प्रस्तावित ....................सहकारी संस्था लि. को तदर्थ सञ्चालक समितिका .................. श्री ............................................................. आगे उक्त सहकारी संस्था लि. का सदस्यहरुको प्रारम्भिक भेलाको मिति ......................... को निणर्य बमोजिम प्रति सेयर रु ...... का दरले .................. जनाबाट जम्मा ........................कित्ताको हुन आउने जम्मा रकम रु. ........................... (अक्षरेपी रु. .................................................मात्र) र प्रवेश शुल्क व्यक्ति रु. का दरले हुन आउने रु. .......... (अक्षरेपी ...............................................मात्र) गरी जम्मा रु. ....................... (अक्षरेपी ...................................मात्र) सहकारी संस्था दर्ता भएपछि संस्थाको नाममा बैंक खाता खोली जम्मा गर्ने कबोल गरी उक्त रकम मैले बुझिलिई यो भर्पाइमा सहीछाप गरी पुतलीबजार नगरपालिकामा पेश गरेको छु । प्राप्त रकम हाल मेरो .................................................................. मा रहेको हिसाव नं: ........................................ जम्मा गरी बैक भौचर दाखिला गरेको छु । उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोलेसम्म चलन नगरी सुरक्षित राख्नेछु र संस्थाको बैंक खाता खोलेपछि तत्कालै दाखिला गर्नेछु । फरक परेमा कानून बमोजिम कारवाही भएमा मेरो मञ्जुरी छ।

इति संवत २०.........साल ..........महिना................गते रोज .....................शुभम् ।

तुलसी राम रेग्मी
नगर प्रमख

अनुसूची-६

नियम ४ को उपनियम (३) को खण्ड (घ) सँग सम्बन्धित

**तदर्थ सञ्चालक समितिका सदस्यहरुको विवरण फारामको ढाँचा**

| क्र.सं | बाजेको नाम थर | बाबुको नाम थर | पति वा पत्निको नाम थर | सञ्चालकको नाम, थर | पद | ठेगाना | पेशा | निर्वाचित मिति | बहाल रहने अवधि | औंठा छाप | फोटो र फोटोमा पर्ने गरी सहीछाप | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

तुलसी राम रेग्मी

**अनुसूची ७**

**(नियम ४ को उपनियम (३) को खण्ड (ङ) सँग सम्बन्धित)**

**स्व घोषणा पत्रको ढाँचा**

प्रस्तावित श्री ............................... सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपशील बमोजिमका आवेदकहरुले प्रचलितकानून सम्मत सहकारी संस्था स्थापना गरी आफ्नो आर्थिक-सामाजिक उत्थान गर्ने कार्यकारणबाहेक अन्य कुनै कार्यकारण नभएको र देहायमा उल्लिखित कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न आयोग्य नभएको स्व-घोषणा गर्दछौं ।

**हामी आवेदकहरु कोही पनि :-**

(क) यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौं ।

(ख) बैक वित्तीय संस्था वा अन्य कुनै सहकारी संस्था/सङ्घ/राष्ट्रिय सहकारी बैकको कानूनबमोजिम कालो सूचीमा परेको व्यक्ति हैनौं ।

(ग) यस अघि सहकारी संस्था खोली सदस्यहरुको रकम हिनामिना गरी कारवाहीमा परेका वा फरार रहेका व्यक्ति हैनौं ।

(घ) सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा सजाय पाएका व्यक्ति होइनौं ।

(ङ) सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र कानून बमोजिम स्वावलम्बन र पारस्परिकताको भावनाबाट आफ्नो बहुआयमिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर छौं ।

**उपर्युक्त व्यहोरा ठिक, साँचो हो । झुठ्ठाठहरे कानूनबमोजिम सहुँला, बुझाउँला भनी सहिछाप गर्नेः-**

| क्र.सं | आवेदकको नाम थर | नागरिकता नं | जारी मिति | जिल्ला | हालको ठेगाना | सम्पर्क नं. | सहीछाप |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

नोट : सम्पुणर् सदस्यको हस्ताक्षर एवं विवरण आवश्यक पर्ने

तुलसी राम रेग्मी
नगर प्रमुख

## अनुसूची–८
### (नियम ४ को उपनियम (३) को खण्ड (च) सँग सम्बन्धित)
### अधिकार प्रत्यायोजनको पत्रको ढाँचा

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, स्याङ्जा

**विषय : अधिकार प्रत्यायोजन ।**

महोदय,

यस प्रस्तावित ............................ सहकारी संस्था लि. को मिति .................. मा बसेको दोश्रो प्रारम्भिक भेलाले गरेको निणर्यानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानून बमोजिम प्रक्रिया पूरा गर्ने सिलसिलामा हाम्रो तर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणिकरण लगायतका आवश्यक काम कारवाही गर्न निम्न दस्तखत नमुना भएको तदर्थ सञ्चालक समितिका अध्यक्ष श्री ........................., ......... श्री ......................................, ........... श्री .......................................समेतलाई अधिकार प्रत्यायोजन गरिएको व्यहोरा अनुरोध गर्दछौं । निजहरुले हाम्रो प्रतिनिधिको रुपमा गरेका सम्पूणर् कामको जिम्मेवारी लिने गरी हामी मञ्जुर छौं ।
अधिकार प्रत्यायोजन गरिएका व्यक्तिहरु :

| क्र.स | नाम थर | ठेगाना | पद | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री | | | |
| २ | श्री | | | |
| ३ | श्री | | | |

| क्र.स | सदस्यहरुको नाम | ठेगाना | सहीछाप |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

**नोट : अधिकार प्रत्यायोजन पत्रमा आवेदक सवैको विवरण समावेश गर्नुपर्नेछ ।**



तुलसी राम रेग्मी
नगर प्रमुख

**अनुसूची -९**
**नियम७ सँग सम्बन्धित**
**संस्था दर्ता प्रमाण पत्रको ढाँचा**

**पुतलीबजार नगरपालिकाको कार्यालय**
**स्याङ्जा, गण्डकी प्रदेश नेपाल ।**
**२०७३**

**सहकारी दर्ता प्रमाण-पत्र**

दर्ता नं. :

पुतलीबजार नगरपालिकाको सहकारी ऐन, २०७४ को दफा ... बमोजिम श्री ........................................ लाई सीमित दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।
वर्गीकरणः ........................

तुलसी राम रेग्मी
नगर प्रमुख

दर्ता गरेको मिति :
दस्तखत :
दर्ता गर्ने अधिकारीको नाम :
दर्ता गर्ने अधिकारीको पद :
कार्यालयको छाप :

## अनुसूची १०.
## सहकारी संस्थाको विनियममा उल्लेख गर्नुपर्ने विषयहरुः

**प्रस्तावना**

१. संक्षिप्त नाम र परिभाषा
२. संस्थाको नाम र ठेगाना
३. परिभाषा
४. उद्देश्य
५. कार्य
६. कार्यक्षेत्र
७. संस्थाको सदस्य
८. सदस्यताको योग्यता
९. सदस्यताका लागि निवेदन र प्राप्ति
१०. सदस्यताको अन्त्य
११. सदस्यको निष्काशन
१२. सदस्यताबाट राजीनामा
१३. पुनः सदस्यता
१४. सदस्यको काम, कर्तव्य र अधिकार
१५. सदस्यता खुला रहने
१६. सदस्यता प्राप्ति, पुनः प्राप्ति र राजीनामा स्वैच्छिक हुनुपर्ने
१७. शेयर पुँजी
१८. सदस्य बन्न कम्तिमा एक शेयर खरिद गर्नुपर्ने
१९. थप शेयर खरिद गर्न सक्ने
२०. शेयर फिर्ता वा हस्तान्तरण
२१. प्रवेश शुल्क
२२. कृत्रिम छेकबार नलगाइने
२३. शेयर प्रमाण पत्र
२४. सदस्यको दायित्व सीमित हुने
२५. प्रारम्भिक साधारण सभा
२६. वार्षिक साधारण सभा
२७. विशेष साधारण सभा
२८. साधारण सभाको बैठक
२९. साधारण सभाको काम, कर्तव्य र अधिकार
३०. साधारण सभाको निणर्य अनिवार्य हुने
३१. गाउँ/टोल/उपक्षेत्रीय बैठक
३२. गाउँ/टोल/उपक्षेत्रीय बैठकका कार्यहरु
३३. गाउँ/टोल/उपक्षेत्रीय बैठकको कार्यव्यवस्था



तुलसी राम रेग्मी
नगर प्रमुख

३४. सञ्चालक समिति
३५. समितिको काम, कर्तव्य र अधिकार
३६. समितिको बैठक
३७. लेखा सुपरिवेक्षण समिति
३८. उत्तरदायित्व श्रृङ्खला
३९. अध्यक्षको काम, कर्तव्य र अधिकार
४०. व्यवस्थापकको नियुक्ति
४१. व्यवस्थापकको काम, कर्तव्य र अधिकार
४२. बिशेष जिम्मेवारी
४३. कर्मचारीको नियुक्ति तथा सेवाका शर्त
४४. संस्थाको कोष
४५. कोषको सुरक्षा
४६. कोषको उपयोग
४७. जगेडा कोष
४८. संरक्षित पुँजी फिर्ता
४९. लाभांश वितरण नगरिने
५०. जगेडा कोषमा रकम सार्नुपर्ने
५१. बचत संकलन गर्न सक्ने/नसक्ने
५२. बचत संकलनमा सीमा
५३. ऋण दिन सक्ने
५४. ऋण प्रवाहमा सीमा
५५. ऋणबाहेकको प्रयोजनमा बचतको रकम चलाउन नहुने
५६. साधारण सभाको स्वीकृति लिनुपर्ने
५७. सदस्य केन्द्रीयता
५८. स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्ध
५९. कर्मचारीसँगको कारोबारमा निर्बन्धन
६०. जोखिम मुल्याङ्कन
६१. कारोबार नगरिने
६२. कारोबारको लेखा
६३. खाताबही
६४. आन्तरिक हिसाब जाँच
६५. बार्षिक हिसाब जाँच
६६. विद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मुल्याङ्कन गर्नुपर्ने
६७. अन्य आधारभूत कागजात
६८. एकीकृत सूचना प्रणालीमा आवद्धता
६९. रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवेदन
७०. वित्तीय जानकारी एकाइमा प्रतिवेदन
७१. साधारण सभामा जानकारी गराउनुपर्ने



तुलसी राम रेग्मी
नगर प्रमुख

७२. हकवालाको मनोनयन

७३. हक दाबी वा नामसारी

७४. निर्वाचन

७५. शपथ ग्रहण

७६. एकीकरण वा विभाजन

७७. कार्यान्वयन अधिकारी

७८. मध्यस्थता

७९. समानता र समता

८०. विनियम संशोधन

८१. साधारण सभाले कार्यविधि बनाउन सक्ने

८२. व्याख्या गर्ने अधिकार

८३. ऐन नियमावलीसँग बाझिएकोमा अमान्य हुने ।

तुलसी राम रेग्मी
नगर प्रमुख

## अनुसूची ११.

## सहकारी संस्थाको अनुगमन निरीक्षण प्रतिवेदनको ढाँचा

**सहकारी संस्थाको पान नम्बर :**

१. सहकारी संस्थाको नाम : ..........................................................................

ठेगानाः ........................................... फोन नं. : सफ्टवेयरः

२. दर्ता नं................. मिति ......................... कार्यक्षेत्र :

३. पछिल्लो साधारण सभा सम्पन्न भएको मिति ............................उपस्थिति संख्या :

४.संस्थाले निर्माण गरेका नियमावली तथा नीतिहरु :

५. बचत तथा ऋणको औषत व्याजदर तथा वचत र ऋणको आन्तरिक व्याजदर % मा :

६. तोकिए वमोजिम सम्बन्धित कार्यालयमा पठाउने गरेका कागजातहरु :

७. खुद नाफाको २५% जगेडा कोषमा जम्मा गरे/नगरेको र शेयर पूँजीको १८% भन्दा बढी लाभांश वितरण गरे/नगरेको ?

८. लेखापरीक्षण स्वीकृती लिएर ले.प. गरे/नगरेको तथा एउटै लेखापरीक्षक लगातार ३ पटक भन्दा बढी नियुक्ति भएको छ/छैन ?

९ऋण लगानी गर्दा लिने गरेको व्यवस्थापन शुल्क तथा अन्य कुनै शुल्कहरु लिने गरेको वा नगरेको ? :

१०संस्थाको कूल पूँजीको १५% भन्दा बढी रकम एकै व्यक्तिलाई ऋण लगानी गरे/नगरेको ?

११कूल शेयरको २०% भन्दा बढी एकै व्यक्तिले शेयर खरिद गरे/नगरेको ?

१२नयाँ सञ्चालक समितिका सदस्य निर्वाचित हुँदा फोटो सहित ३ पुस्ते विवरण कार्यालयमा पठाईएको छ/छैन ?

१३गैर सदस्य र गैर क्षेत्रमा कारोवार गरे/नगरेको ?

१४साधारण सभा सम्पन्न भएको मितिले १५ दिन भित्र ले.प. प्रतिवेदन र साधारण सभाको प्रतिलिपि कार्यालयमा पेश गरे/नगरेको ?

१५ऋण नोक्सानी रकमको व्यवस्था गरे/नगरेको ? गरेको भए सो को विवरण

१६सञ्चालक समितिका सदस्यले लिने गरेका सुविधाहरु के के हुनः? लिने गरेको भए कति रकम ?

१७ऋण प्रवाह गर्ने प्रकृयाहरुः

१८एकै पटकमा ४९% भन्दा बढी सञ्चालकले ऋण लिए/नलिएको, सञ्चालकहरुको नियमित बैंठक बस्ने गरे/नगरेको । नियमित वचत गर्ने गरे/नगरेको ?

१९ संस्थाको साइनबोर्ड, सदस्य वडा-पत्र र सूचना पाटी राखिएको छ/ छैन ?

२०निम्न विवरणहरु : (रुपैयामा)

| कूल शेयर | कूल वचत | लगानी | आम्दानी | खर्च | जगेडा कोष | अन्य कोष | स्थिर सम्पत्ती | तरलता | अनुदान | बाह्य ऋण लिएको | जम्मा कारोवार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

| जम्मा व्याजदर % मा | | शेयर सदस्य संख्या | | कर्मचारी संख्या | | सञ्चालक समिति |
|---|---|---|---|---|---|---|
| वचतमा व्याजदर | लगानीमा व्याजदर | महिला | पुरुष | महिला | महिला | पुरुष |
| | | | | | | |

तुलसी राम रेग्मी
नगर प्रमुख

**२१. सञ्चालक तथा लेखा समितिको विवरण ।**

| नाम | पद | ठेगाना | ऋण | वचत | शेयर | योग्यता | फोन नं |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

२२. क, पछिल्लो साधारण सभाको तथा ले.प. को निणर्यको फोटोकपि कार्यालयमा पठाए,नपठाएको ।

ख, पछिल्लो ६ महिनाको सञ्चालक समितिको निणर्यको फोटोकपि ।

ग, २०/२० ठूला ऋणी , ठूला शेयर सदस्य तथा ठूला वचत कर्ताको विवरण

२३. वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाले विमा गरे/नगरेको तथा बहुउद्देश्यीय सहकारी संस्थाले कुन कुन प्रकृतीको काम गर्ने गरेको ?

२४. सञ्चालक तथा लेखा समितिका पदाधिकारीहरुले ऋण लिएको जानकारी पुतलीबजार नगरकार्यपालिकाको कार्यालयमा दिए/नदिएको ?

२५. अन्य कोषहरुको रकम व्यवस्थापन भएको छ/छैन ?

२६. सस्थाको साधारण सभा नियमित भए नभएको ?यदी नभएको भए किन हुन नसकेको ?

२७. सञ्चालक समिति,लेखा समिति र ऋण लगानी उपसमिति लगायत अन्य उपसमितिको नियमित बैठक बसे ,नबसेको ?

२८.विभिन्न समिति तथा उपसमितिका बैठकका निणर्हरु कार्यान्वयन भए , नभएको ?

२९. स्थिर सम्पत्ति घर, जग्गा भए, नभएको ?भएको भए के कति घर जग्गा कसको नाममा छ ?

३०.सस्थाको नाफा , घाटाको अवस्था के छ ?

३१.सस्थाले खरिद विक्रीको कारोवार गरे नगरेको ?

३२.कुल कारोवारको कति प्रतिशत बचत तथा ऋणको कारोवार रहेको छ ?

३३.नयाँ सहकारी ऐनले ब्यवस्था गरे अनुसारका कोषहरुको ब्यवस्थापन भए,नभएको ?

३४. जिल्ला सहकारी संघ र विषयगत सहकारी संघहरुको सदस्यता लिए,नलिएको ?

३५. पान प्रमाण पत्र लिए,नलिएको ?यदि लिएको भए कर चुक्ता गरे नगरेको ?

३६. सस्थाले अन्यत्र कहींकतैबाट ऋण वा अनुदान लिए,नलिएको ?यदि लिएकोभए कहाँबाट लिएको हो ?

३७. सस्थागत सदस्यता भए नभएको ?

३८. यस सस्थाका सञ्चालकहरु अन्य कुनै पनि सहकारी सस्थाको सञ्चालक भए ,नभएको ?

३९.संचालकहरुले कुनै पेश्की रकम लिए,नलिएको?

४०.कर्मचारीहरुले पेश्की लिए,नलिएको ?

४१.कर्मचारीलाई नियुक्ति पत्र दिएर काममा लगाए ,नलगाएको ?

४२. सहकारी सस्थाले कनै पनि कार्य योजना तथा रणनैतिक योजना बनाए,नबनाएको ?

४३. सहकारीले अन्य कुनै उदाहरणीय कार्य गरेको भए ?सो को विवरण

४४. कोपोमिस सफ्टवेयरमा सहकारी सस्था आवद्धता भए,नभएको ?

४५. सहकारी सस्थाको अध्यक्षको नाम र मोवाईल नम्बर :

४६. सहकारी सस्थाको ब्यवस्थापकको नाम र मोवाईल नम्बर

तुलसी राम रेग्मी
नगर प्रमुख